संघर्ष, स्वाभिमान र स्वावलम्बन


# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.sa… atimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १६, ●पूर्णाङ्क ३३७, ● अंक ७ ● २०८१ साल पुस १-१५ गते ● (16December, … 30 December, 2024) ● मूल्य रु. १०



## उपनिर्वाचनको सन्देश

# पुरानै शक्तिको बोलबाला

मंसिर १६ गते सम्पन्न स्थानीय तहको उपनिर्वाचले दलहरुको जनमतको मिनी परीक्षण गरेको छ। एकजना नगरप्रमुख, एक जना नगर उपप्रमुख, दुईजना गाउँपालिका अध्यक्ष र चारजना उपाध्यक्ष र ३३ जना वडा अध्यक्ष गरी ४१ पदमा जनप्रतिनिधि चयनका लागि उपनिर्वाचन सम्पन्न भएको छ, जसले अगामी २०८४ मा कुन दलको हैसियत तथा राजनीतिक अवस्था कस्तो हुने कुराको संकेत गरेको छ।

यो उपनिर्वाचनले देशमा अझै पनि पुरानै दलको आवश्यकता छ र नयाँ दल अझै च्वाइसमा आइ नसकेको पुष्टि भएको छ। यो परिणामले २०८४ को चुनावमा के हुन्छ त्यसको पनि सानो संकेत गरिसकेको राजनीतिक विश्लेषक हरि रोक्काको विश्लेषण छ। स्थानीय तहको उपनिर्वाचनले दिएको सन्देशले ठूला दलहरुप्रति जति नै असन्तुष्टि भए पनि आखिरमा मत हाल्ने त्यहीं दललाई नै हो। यो उपनिर्वाचनले एउटा अर्को संकेत पनि गरेको छ त्यो हो सत्ता। सत्तामा रहेका दललाई मतदाताले इगनोर गरेको देखिन्छ।

सत्ताको नेतृत्व गरेको एमाले पार्टी तेस्रो स्थानमा गएको छ भने सत्ता बाहिर रहेको माओवादी केन्द्र दोस्रो स्थानमा गएको छ। जसले गर्दा माओवादीहरु उत्साहित देखिन्छ। सत्तासाझेदारी दल एमाले पहिलो स्थानमा कायमै छ। मधेशमा पनि त्यस्तै भएको छ। जनमत पार्टीको बारेमा जति हल्ला भए पनि चुनावी परिणामले त्यो देखाउन सकेन। सत्ता बाहिर रहेको उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टीलाई जनमत पार्टीले उछिन सकेन। सत्तामा रहेको जनमत पार्टीले धेरै ठाउँमा आफ्नो जमानत पनि जोगाउन सकेन।

जसपा नेपाल स्थानीय तहको उपनिर्वाचनको परिणामले उत्साहित देखिन्छ। २०७९ को स्थानीय तहको चुनावमा पाएको सीटमा जसपा नेपालले एक सीट थपेपछि त्यसबाट सो पार्टीका नेताहरु उत्साहित देखिएका छन्। यो उपनिर्वाचनबाट जसपा नेपालले दुई वटा वडा जितेको छ। गत स्थानीय चुनावमा रौतहट गढिमाइ नागरपालिका वडा नम्बर ८ मा जितेको वडा अध्यक्षको निधन भएको थियो। उपनिर्वाचनबाट आफ्नो त्यो वडा पर्काउन सकेन तर सप्तरीको डाक्नेश्वरी नगरपालिकाको वडा नम्बर १ र ४ जितेको छ।

जसपा नेपालका महासचिव रामकुमार शर्माले यो उपनिर्वाचन जसपा नेपाललाई फाइदा नै भएको र त्यसबाट आफूहरु उत्साहित भएको बताउनुभयो। तर यो भन्दा अझै बढी गर्न सकिन्थ्यो त्यो हुन सकेन नसकेको उहाँले बताउनुभयो। स्थानीय तहको उपनिर्वाचन परिणामले मधेश प्रदेशमा जसपा नेपाललाई मधेसी जनताले प्रमुख शक्तिकै रुपमा स्विकार गरेको छ। जसपा नेपालबाट अलग भएको जसपाको पनि मधेशमा हालत खराब भएको छ। त्यस्तै, जनमत पार्टी र लोसपा नेपाललाई पनि स्विकार गरेको छैन। लोसपा नेपालले चुनावमा भाग नै लिएको थिएन। डा.सिके राउत नेतृत्वको जनमत पार्टीले भाग लिए पनि एक सीट पनि जित्न सकेन। उपनिर्वाचनमा जनमत पार्टीले १६ स्थानमा उम्मेदवारी दिएको थियो। तर उसले कुनै पनि सीटमा प्रतिस्पर्धासम्म गर्न सकेन।

सप्तरीको डाक्नेश्वरी-१ मा २०७९ को चुनावमा जसपा नेपालले ४३८ मत ल्याएको तेस्रो बनेको थियो अहिले त्यहाँ ६५२ मत ल्याएर विजय बनेको छ। सोही पालिकाको ४ नम्बर वडामा गत चुनावमा २६९ मत ल्याएर दोस्रो बनेको थियो भने यो उपनिर्वाचनमा ३७२

**बाँकी पृष्ठ १२ मा**

**यस भित्र**



नेपाल-भारतबिचको अद्भुत सम्बन्ध
● लेख, पृष्ठ ४




मधेशी दलको बिचमा एकता हुनु बाहेक अर्को कुनै विकल्प छैन
● अन्तरवार्ता, पृष्ठ ५



हिन्दी सिनेमामा महिलाको यौनिकता
● मध्यपृष्ठ



लोकप्रिय स्टारको सूचीमा तृप्ती डिमरी
● मनोरञ्जन, पृष्ठ ९



यस्तो हुनुहुन्थ्यो मैले भेटन नपाएको रामनारायण मिश्र
● स्मरण, पृष्ठ १०

## सम्पादकीय

# नियन्त्रणमा आएन लैङ्गिक हिंसा

'हामी सबैको प्रतिबद्धताः लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता' मुल नाराका साथ यस वर्षको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान मंसिर २५ गते सम्पन्न भएको छ। लैङ्गिग हिंसाविरुद्धको अभियान प्रत्येक वर्ष सञ्चालन हुन्छ। यो अभियानमा विभिन्न सरकार, गैरसरकारी संघ संस्थाले चेतनामुलक कार्यक्रम गर्नुको साथै विभिन्न रिर्पोर्टहरु सार्वजनिक गरेका हुन्छन् । तर जति अभियान चलाए पनि हिंसा घट्नुको सट्टा बढ्दै गइरहेका छन् । नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा जातीय तथा लैङ्गिक आधारमा हुने हिंसाका लागि थुप्रै प्रतिवद्धता जनाएको छ। सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धिहरू, मानवअधिकारको विश्वव्यापी घोषणापत्रलगायत दुई दर्जनभन्दा बढी सन्धि महासन्धिमा हस्ताक्षर गरी नेपालले सोअनुसारको दायित्व पूरा गर्ने अठोट लिएको देखिन्छ। संविधानको प्रस्तावनामा नै 'वर्गीय, जातीय, क्षेत्री, भाषिक, धार्मिक, लैङ्गिक विभेद् र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने' भनि उल्लेख छ । तर यसको कार्यान्वयको अवस्था फितालो देखिन्छ।

नेपाल प्रहरीको तथ्यांक अनुसार गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको साउन र भदौं गरी २४ हजारभन्दा बढी हिंसाका घटना भएका छन् । त्यसमा ८० प्रतिशतभन्दा बढी महिला र ११ प्रतिशतभन्दा बढी बालिका पीडित छन् । यसमा सबभन्दा बढी ३३.६५ प्रतिशत मधेशी महिला र ३४.७१ प्रतिशत जनजातिका बालिकाले विभिन्न प्रकारका हिंसाको सामना गरेको देखिन्छन् । त्यस्तै, आदिवासी जनजाति महिला २२.३२ प्रतिशत, क्षेत्री समुदायका महिला १६.५८ र बालिका १९.८७, मधेशी बालिका १५.६२, दलित महिला ११.५४ र बालिका १९.४४ तथा अन्यतर्फ ११.११ महिला र ३.८५ प्रतिशत बालिका हिंसामा परेको तथ्यांकमा उल्लेख छ। यसमा घरेलु हिंसाबाट ८९.४७ प्रतिशत महिला पीडित भएका छन्। घरेलु हिंसाका कारण कर्तव्य ज्यान (हत्या/मृत्यु) भएका ८९ मध्ये महिला ६९, पुरुष १४, बालिका दुई र बालक चार जना छन्। बलात्कारका कारण दुई हजार ९२६ महिला तथा बालिका बलात्कृत भएका छन् । यी तथ्यांकहरु हेर्दा सबभन्दा बढी महिला तथा बालिकाहरू घरेलु हिंसाबाट पिडित हुने गरेको देखिन्छ। सरकारी तथ्यांक अनुसार विभिन्न हिंसामा घरेलु हिंसा ८२.२३ प्रतिशत, बलात्कार १२.१६ प्रतिशत, बलात्कारको प्रयास २.१२ प्रतिशत, बाल यौन दुरुपयोग दुई प्रतिशत भएको देखिन्छन् ।

राष्ट्रिय मानव अधिकारको तथ्यांक अनुसार कुल २६८ घटनामध्ये २९.१०, राष्ट्रिय महिला आयोगमा ९३२ मध्ये ५२, फेडोमा २५९ घटनामध्ये ३९.७६, महिला पुनःस्थापना केन्द्र (ओरेक) नेपालमा १३९७ मध्ये ६५ र इन्सेकमा नौ हजार १४२ घटनामध्ये ६९ प्रतिशत घरेल हिंसा र ८८ प्रतिशत महिला हिंसासँग सम्बन्धित छन् । त्यस्तै दलित महिला तथा बालिकामाथि हुने हिंसाको कुरा गर्दा नेपाल प्रहरीको तथ्यांकमा हिंसापीडित दलित महिलाको कुल सँख्या ११.५४ प्रतिशत रहेको देखिन्छ। हिंसापीडित दलित समुदायका बालिकाको सँख्या १९.४४ प्रतिशत छन् । यसरी विभिन्न निकायको तथ्यांक केलाउदा नेपालको लैङ्गिक हिंसाको अवस्था भयावह रहेको देखिन्छ। सबै प्रकारको हिंसा रोक्नका लागि सरकारी तथा गैर सरकारी संस्थाहरुले करोडौ रुपियाँ खर्चेका हुन्छन् तर अभियान सञ्चालन भइरहेको अवस्थामा विभिन्न हिंसाहरु भइरहेका हुन्छन् । लैङ्गिग हिंसा रोक्नका लागि कानुन नभएको पनि होइन । संघदेखि प्रदेश र स्थानीय तहसम्म विभिन्न कानुनहरु निर्माण भएका छन् । त्यसलाई हिंसालाई नियन्त्रण गर्न विभिन्न समितिहरु पनि बनेका छन् । तर हात लागि शुन्य जस्तो भएको छ।

सबैजसो अध्ययनले महिला हिंसाको मूलस्रोत नै परिवार हो भन्ने देखाएको छ। यो निकै नै चिन्ताको विषय हो। कतिपय अवस्थामा त जो हिंसाविरुद्धको अभियान चलाउनको घरमा नै हिंसा भइरहेको छ। नीति निर्माण तहमा बस्ने व्यक्तिहरुबाट नै हिंसा भइरहेका हुन्छन् । कहीं जानी जानी भइरहेका हुन्छन् भने कतै नजानी नजानी भइरहेका हुन्छन् । यसलाई नियन्त्रण गर्ने मुख्य उपाय नै कानुनको कडाइ प्रयोग हो । जे जस्तो कानुन छ, त्यो कानुनलाई कडाइका साथ प्रयोग गरेमा मात्र यो नियन्त्रण हुने देखिन्छ। ठूला बडा घरमा हिंसा लुकाइएका हुन्छन् । घटना लुकाउनु हुँदैन । घटना जति लुकाउछन्, त्यो त्यति नै भइरहेका हुन्छन् ।

## तथ्यांक आफै बोल्छ

**श्रम स्वीकृति लिनेहरुको संख्या**

| क्र.सं. | जिल्ला | श्रम स्वीकृति संख्या | मुलुकभरकोसँग तुलना (%) | मुलुकभरको जम्मा |
|---|---|---|---|---|
| १. | सप्तरी | ८,१८५ | २.४ | ३,४०,३२४ |
| २. | सिराहा | १३,१५२ | ३.८६ | |
| ३. | धनुषा | १६,७८८ | ४.९३ | |
| ४. | महोत्तरी | ११,९६५ | ३.५१ | |
| ५. | सर्लाही | ९,०७५ | २.६७ | |
| ६. | रौतहट | ५,७०६ | १.६८ | |
| ७. | बारा | ५,७६६ | २.२५ | |
| ८. | पर्सा | ३,१४६ | ०.९२ | |
| | जम्मा | ७३,७८३ | २१.६८ | |

*(स्रोत : श्रम विभाग, मासिक प्रतिवेदन साउन देखि पुस २०८०)*

## दस्तावेज

### तत्कालिन मधेशी जनअधिकार फोरम नेपालले २०६४ मा मधेश आन्दोलनको क्रममा सरकारसमक्ष राखेको २६ बुँदे माग

१. महान् ऐतिहासिक मधेस आन्दोलनमा शहादत प्राप्तहरूलाई राष्ट्रिय सम्मानका साथ शहीद घोषणा गरी न्यायोचित क्षतिपूर्तिका साथै आन्दोलन सम्पूर्ण घाइतेहरूको उपचारको सम्पूर्ण व्यवस्था र क्षतिपूर्ति गरिनुपर्दछ जसमा प्रमुख रूपमा :

क) शहीद परिवारलाई न्यायोचित आर्थिक क्षतिपूर्ति दिइनुपर्दछ।

ख) हरेक शहीदको परिवारमा कम्तीमा एक व्यक्तिलाई सरकारी रोजगारीको व्यवस्था गरिनुपर्दछ।

ग) अपाङ्गहरूको लागि आर्थिक क्षतिपूर्ति, निःशुल्क शिक्षा र सरकारी रोजगारको व्यवस्था गरिनुपर्दछ।

घ) घाइतेहरूलाई उपचार, आर्थिक क्षतिपूर्ति र सरकारी रोजगारको व्यवस्था गरिनुपर्दछ।

२. मधेसी जनआन्दोलनको क्रममा गिरफ्तार भएकाहरूको विनासर्त रिहाइ, आन्दोलनकारीहरूमाथि चलाइएका हरेक प्रकारका मुद्दाहरूको अविलम्ब खारेजी र सबै किसिमका वारेन्टहरू रद्द गरिनुपर्दछ।

३. मधेसी जनअधिकार फोरम र सरकारी वार्ता टोलीबिच जारी वार्तालाई सहज, सरल र सफल बनाउन वार्तामा राष्ट्रसङ्घीय प्राविधिक सहयोग (UN technical assistance) का लागि नेपाल स्थित राष्ट्रसङ्घीय नियोगको अनिवार्य सहभागिताका लागि आवश्यक पहल गरिनुपर्ने,

४. गृहमन्त्री कृष्णप्रसाद सिटौलाले मधेस जनआन्दोलनको क्रममा राज्य शक्तिको दुरूपयोग गरी राज्यआतङ्क फैलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन विपरीत अहिंसक र निहत्था मधेसी आन्दोलनकारी जनताको हत्या गर्न आदेश दिने र षड्यन्त्रपूर्ण ढङ्गले गौर घटनामा समेत सहयोग पुर्याउने कार्य गरेको हुनाले गृहमन्त्री पदबाट बर्खास्त गरी निजमाथि कानुनी कारबाही गरिनुपर्ने ।

५. लगभग २३८ वर्षदेखि आन्तरिक उपनिवेशवादी (Internal Colonialism) नीति अन्तर्गत मधेसमाथि कायम रहेको विभेदलाई अन्त्य (Decolonization) गरी देशमा युगौंदेखि बहिस्करणमा पारिएका मधेसी, आदिवासी, जनजाति, दलित, महिला, पिछडावर्ग, अपाङ्गता भएका, अल्पसंख्यक समुदाय, मुसलमान आदि समुदायहरूको राज्यका सम्पूर्ण संरचनाहरूको सबै अङ्ग र तहका साथै शक्ति, साधन र स्रोतमा जनसंख्याको अनुपातमा समानुपातिक प्रतिनिधित्व, साझेदारी र सहभागिता हुने संवैधानिक व्यवस्थाका साथै समावेशीय एवं सहमतीय लोकतन्त्र (Participatory and Consensus Democracy) को संवैधानिक व्यवस्था गरिनुपर्दछ।

६. लगभग २३८ वर्षदेखि काठमाण्डौं केन्द्रित एवं एकात्मक शासन प्रणालीलाई अन्त्य गरी आत्मनिर्णयका अधिकार स्वायत्त शासन सहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको स्थापना गरिनुपर्दछ।

७. राजतन्त्रको तत्काल अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा गरिनुपर्दछ।

८. (क) आत्मनिर्णयको अधिकारसहित सम्पूर्ण मधेस एक स्वायत्त प्रदेश अर्थात् मधेसी राज्यको स्थापना गरी यसलाई क्षेत्रीय स्वायत्तता (च्भनष्यलर्बा ब्गतयलयकथ) का साथै स्वायत्त शासनको अधिकारको संवैधानिक व्यवस्था गरिनुपर्दछ।

(ख) मधेसीहरूको राष्ट्रिय पहिचान (National Identity) मान्यताका साथै उनीहरूको भेष, भूषा, भाषा, संस्कृति, धर्मलाई राष्ट्रिय मान्यता दिइनुपर्दछ।

९. मधेसको भूमिमा कार्यरत सबै सरकारी कार्यालय र निकायहरूमा कार्यालय प्रमुखको पदमा मधेसी तथा मधेसी कर्मचारीहरूको अविलम्ब व्यवस्था गर्ने ।

१०. (क) राज्यउपरको जातीय विशेषाधिकारको अन्त्य हुनु पर्दछ। राज्यका सबै अङ्ग र तहमा विशेष अवसरको आरक्षण र सकारात्मक भर्ती र सहवरणको सिद्धान्तअनुसार तत्काल उच्चस्तरीय आयोग गठन गरी सेना, प्रहरी, निजामती, वैदेशिक सेवा र शिक्षा क्षेत्रलगायतका सेवाहरूमा मधेसीहरूलाई ५० प्रतिशत पदपूर्तिको व्यवस्था गरिनुपर्दछ।

(ख) सरकारद्वारा गरिने राजनैतिक नियुक्ति, आयोगको गठन एवं संवैधानिक निकायहरूमा ५० प्रतिशत मधेसीहरूको अनिवार्य सहभागी गराउने व्यवस्था गरिनुपर्दछ।

११. मधेसको प्राकृतिक साधनस्रोत जल, जङ्गल, जमिन आदिमाथि मधेसीहरूको अग्राधिकारको संवैधानिक व्यवस्था हुनुपर्दछ।

१२. अपाङ्गता भएकाहरूका लागि रोजगार, शिक्षा र स्वास्थ्यमा अवसरका लागि विशेष आरक्षणको व्यवस्था गरिनुपर्दछ।

१३. अल्पसंख्यकहरूको अधिकार सम्बन्धमाः राष्ट्रसङ्घीय तथा अन्तर्राष्ट्रिय मानवअधिकारको मान्यता अनुरूप जातीय, भाषिक, धार्मिक अल्पसंख्यकहरूको अधिकारको संवैधानिक प्रत्याभूति गरिनुपर्दछ।

१४. मुस्लिमहरूको अधिकार सम्बन्धमा :

(क) मुस्लिमहरूको धर्म, संस्कृति एवं भाषाको अधिकारलाई सुनिश्चित गर्न कानुनको व्यवस्था गरिनुपर्दछ।

(ख) मदरसा बोर्डको स्थापना र कानुनी मान्यता दिनुपर्ने,

(ग) मुस्लिमहरूको चाडपर्व (ईदुल फितर, ईदुल जुहा, मुर्हर्रम, सबे बराअत, मोहम्मद जयन्ति आदि) मा मुस्लिमहरूलाई सरकारी सार्वजनिक विदाको व्यवस्था गरिनुपर्ने ।

(१५) जाति, भाषा, लिङ्ग, धर्म, संस्कृति, राष्ट्रिय तथा सामाजिक उत्पत्ति, राजनीतिक तथा अन्य विचार आदिको आधारमा गरिने सबैखाले विभेद अन्त्य गरी मानवअधिकारको पूर्ण प्रत्याभूति गरिनुपर्दछ।

(१६) सरकारी कामकाज र शिक्षामा त्रि-भाषीय नीति अन्तर्गत :

(क) मातृभाषा,

(ख) नेपाली र हिन्दी

(ग) अङ्ग्रेजी भाषालाई राष्ट्र भाषाको संवैधानिक व्यवस्था गरिनुपर्दछ।

(१७) दलित समस्या समाधान गर्न

(क) जातीय विभेद र छुवाछूत गर्नेलाई कडा कानुनी दण्डको व्यवस्था गरिनुपर्ने,

(ख) निःशुल्क र अनिवार्य शिक्षाको व्यवस्था गरिनुपर्ने,

(ग) रोजगारीमा विशेष आरक्षण र अवसरको व्यवस्था गरिनुपर्ने,

(घ) भूमिहीन दलितलाई आवासका लागि भूमिको व्यवस्था गरी वैकल्पिक जीविकोपार्जनको व्यवस्था गरिनुपर्ने,

(ङ) राजनीतिक निकायहरूमा प्रतिनिधित्वका लागि दलित र महिलाका लागि आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था गरिनुपर्ने ।

(१८) नागरिकताबाट वञ्चित रहेका मधेसीहरूलाई नागरिकता प्रमाणपत्र सरल र सुलभ तरिकाबाट वितरण गर्न नागकिरता टोली पुनः गाउँगाउँमा अविलम्ब पठाई नागरिकता समस्या समाधान गरिनुपर्ने,

(१९) मधेसबाट प्राप्त राजस्व र आर्थिक आम्दानीको कम्तीमा ७५ प्रतिशत अंश मधेस र मधेसीको विकास र निर्माणको लागि खर्च गरिनुपर्दछ।

(२०) नेकपा (माओवादी) द्वारा कब्जा गरिएका भूमी, घर, सम्पति र सरकारी इजाजत प्राप्त निजी हातहतियारहरू समेत सम्बन्धित हकवालालाई अविलम्ब फिर्ता गरिनुपर्दछ।

(२१) (क) जनआन्दोलनको अवधिमा सम्पूर्ण उद्योग, व्यापार, यातायात र शिक्षणसंस्था बन्द रहने भएको हुँदा सो अवधिभरका बैंक ब्याज, कर जरिवाना, पानी, बिजुली शुल्क र अन्य शुल्कहरू सरकारद्धारा पूर्ण मिनाही गरिनुपर्दछ।

(ख) औद्योगिक उत्पादन वृद्धिका साथै देशलाई औद्योगिकीरण गर्न औद्योगिक सुरक्षाको प्रत्याभूति गराइनुपर्दछ।

(२२) संविधानसभा निर्वाचन सम्बन्धमा

(क) संविधानसभा निर्वाचनको मिति तत्काल तोकिनुपर्दछ।

(ख) संविधानसभा निर्वाचन तिथि घोषणा साथै वर्तमान अन्तरिम व्यवस्थापिका संसद् विघटन गरिनुपर्दछ।

(ग) संविधानसभाको निष्पक्ष निर्वाचनका लागि वर्तमान अन्तरिमसरकारमा मधेसी, आदिवासी, जनजाति, दलित, महिला, मधेसी मुसलमान समेतको समानुपातिक प्रतिनिधित्व हुने गरी समावेशी बनाउन पुनःगठन गरिनुपर्दछ।

(घ) प्रधानमन्त्रीको सम्बोधनका आधारमा संविधानसभा निर्वाचन क्षेत्र निर्धारण आयोगद्वारा निर्धारण गरिएका अवैज्ञानिक एवं विभेदपूर्ण निर्वाचन क्षेत्र अविलम्ब खारेज गरिनुपर्दछ। समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको निर्धारण हुनु पर्दछ।

(ङ) संविधानसभा निर्वाचनका लागि मिश्रित निर्वाचन प्रणाली खारेज गरी सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वाचन गराइनुपर्दछ।

(च) संविधानसभा निर्वाचनपूर्व अध्यावधिक वैज्ञानिक जनगणना र मतदाता नामावली तयार गराइनुपर्दछ।

(छ) संविधानसभाको निष्पक्ष निर्वाचनको लागि स्वायत्त एवं अधिकार सम्पन्न निर्वाचन आयोगको पुनःगठन गरी त्यसमा मधेसी, आदिवासी, जनजाति, दलित, महिला, मुसलमान समेतको समानुपातिक प्रतिनिधित्व गराइनुपर्दछ।

(ज) सबै खाले निर्वाचनहरूमा सहभागी हुन पाउने गरी क्षेत्रीय, जातीय पार्टीहरू पनि खोल्न पाउने संवैधानिक व्यवस्था गरिनुपर्दछ।

(झ) अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको संविधान सभाको निष्पक्ष, शान्तिपूर्ण एवं भयरहित वातावरणमा निर्वाचन गराइने प्रत्याभूति गरिनुपर्दछ।

(२३) कृष्णजङ्ग रायमाझीको नेतृत्वमा गठित उच्चस्तरीय छानविन आयोगले दोषी ठहर गरेका व्यक्ति उपर कानुनी कारवाहीको लागि तयार गरेको प्रतिवेदन सार्वजनिक गरी सो बमोजिम दोषीमाथि अविलम्ब कारवाही गरिनुपर्दछ।

(२४) सरकारी सञ्चारमाध्यमहरू टि.भी., रेडियो, छापा लगायत सबै क्षेत्र, अङ्ग र तहमा ५० प्रतिशत मधेसी संचारविद् एवं पत्रकारहरूको संचार मन्त्रालयबाट नियुक्ति र सरकारी संचार आयोग निकायहरूमा तथा प्रतिनिधिमण्डलमा सहभागिता हुनु पर्ने,

(२५) शिक्षा आयोग मेडिकललगायत अन्य प्राविधिक क्षेत्रमा नेपाल सरकार शिक्षा मन्त्रालयबाट वितरण तथा मित्र राष्ट्रहरूबाट प्राप्त हुने सबै खाले छात्रवृत्तिहरूमा मधेसी विद्यार्थीहरूको लागि ५० प्रतिशत विशेष आरक्षणको व्यवस्था हुनुपर्ने। यसका साथै सरकारी आरक्षित मेडिकल सिटलगायत अन्य सबै खाले प्राविधिक अध्ययनका सिटहरूमा समेत ५० प्रतिशत प्रवेश स्थान मधेसी विद्यार्थी निम्ति विशेष आरक्षित हुनुपर्ने ।

(२६) राज्यको पुनः संरचना गर्ने उच्चस्तरीय आयोग तुरुन्त गठन गरिनुपर्दछ।

*उपेन्द्र यादव*
*केन्द्रीय संयोजक*
*मधेशी जनअधिकार फोरम, नेपाल*

○ समाचार/विविध

# प्रधानमन्त्री ओलीले लगाएको कुराले जसपा नेपाल अहिलेसम्म हैरान

२०७४ को चुनावपछि दुई तिहाईभन्दा बढी बहुमत भएको सरकारको प्रधानमन्त्री बन्नुभएका केपी शर्मा ओलीले जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवको बारेमा भारतलाई लगाउनु भएको एउटा कुराले उपेन्द्र यादव अझै हेरानी झेलिरहनु भएको छ। २०७४ मा मधेश प्रदेश (तत्कालिन प्रदेश नम्बर २) सरकारको नेतृत्व तत्कालिन संघीय समाजवादी फोरम नेपालले अर्थात अहिलेको जसपा नेपालले पाएको थियो। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेश प्रदेशको मुख्यमन्त्री लालबाबु राउतलाई बनाउनु भएको थियो। जसपा नेपाल यादवहरुको पार्टी हो भनि आरोप लागि रहेको बेला उपेन्द्र यादवले रणनीतिक रुपमा मुसलमान समुदायका लालबाबु राउतलाई मुख्यमन्त्री बनाएर मधेशमा एउटा उदाहरण प्रस्तुत गर्नुभएको थियो। मुस्लिमलाई जसपा नेपालप्रति आकर्षण गर्नका लागि उपेन्द्र यादवले त्यो रणनीति बनाउनु भएको थियो। मधेश प्रदेशमा यादवपछिको जनसँख्य मुसलमानको नै रहेको छ र मुसलमान र यादव मिलेपछि त्यहाँ अरु दलको दाल गल्दैन।

पार्टी बनाउन त्यो रणनीतिले कति काम गर्‍यो गरेन त्यो उपेन्द्र यादवलाई नै थाह होला तर मुस्लिमलाई मुख्यमन्त्री बनाएकोमा उहाँले अहिलसम्म मूल्य चुकाई रहनु भएको छ। माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग एकता गरेर नेकपा बनाइ दुई तिहाइ बहुमत भएको सरकारको नेतृत्व गरेको प्रधानमन्त्री ओलीलाई मधेशवादी दलबाट जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले मात्र सघाउनु भएको थियो। तर सरकारमा उपेन्द्र यादव र केपी ओली बिचको सम्बन्ध लामो समय चलेन। र, बाध्य भएर उपेन्द्र यादव सरकारबाट बाहिरिनु भएको थियो। उपेन्द्र यादव सरकारबाट बाहिरिने बित्तिकै प्रधानमन्त्री ओलीको विरुद्धमा आन्दोलन सुरु भएको थियो। काँग्रेस, माओवादी, जसपा नेपाल, जनमोर्चा नेपालले मिलेर आन्दोलन गरेका थिए। त्यसमध्ये सबभन्दा कडा उपेन्द्र यादव हुनुभएको थियो।

त्यति नै बेला जसपा नेपाल भित्रबाट महन्थ ठाकुर पक्षले प्रधानमन्त्री केपी शर्मा ओलीलाई सघाएको थियो। प्रधानमन्त्री ओलीले पनि मधेशका सबै माग पुरा गरिदिने भनेपछि जसपा नेपालमा बिद्रोह गरेर भएपनि महन्थ ठाकुरहरुले उहाँलाई समर्थन मात्र होइन सरकरमै सहभागी हुनुभएको थियो। त्यतिबेला नै हो प्रधानमन्त्री ओलीले भारतलाई मधेशमा उपेन्द्र यादवले मुसलमानलाई मुख्यमन्त्री बनाएर नेपाल-भारतको सम्बन्धमा समस्या उत्पन्न गराएको कुरा लगाउनु भएको थियो। सीमा क्षेत्रमा भइरहेको मुसलमानहरुको गतिविधिमा मधेश प्रदेशका मुख्यमन्त्रीको पनि हात रहेको र त्यसमा उपेन्द्र यादवले पनि सघाएको कुरा लगाएको जसपा नेपालका एक नेताले बताउनुभयो। प्रधानमन्त्री तहबाट यस्तो कुरा आएपछि त्यसमा विश्वास नगर्ने कुरा हुँदैन। त्यसबेलादेखि भारतले उपेन्द्र यादवलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याएको थियो। भारतले पहिलादेखि नै उपेन्द्र यादवलाई चीन निकट मानिरहेको थियो, पछि मुसलमानलाई मुख्यमन्त्री बनाएपछि उहाँमाथि झन संशकित भएको थियो।

त्यसपछि भारतले नेपालमा रहेका आफ्ना शुभेच्छुक संगठनहरुबाट मुख्यमन्त्री लालबाबु राउतको विरोध गर्न लगाएको थियो। लालबाबु राउतलाई सरकारबाट हटाउनसम्म प्रयास भएको थियो। तर उपेन्द्र यादवले लालबाबु राउतलाई जोगाउनु भएको थियो। त्यसपछि भारतले उपेन्द्र यादवमाथि त्यति विश्वास नगरेको बताइएको छ। स्रोतहरु भन्छन्, 'त्यसको नतिजा हो २०७९ मा सप्तरी-२ बाट उपेन्द्र यादवले चुनाव हार्नु।' चुनावको समयमा सप्तरी-२ मै गएर मुसलमान जिहादीलाई उपेन्द्र यादवले संरक्षण दिएको नारा लगाइएको थियो। नारा मात्र लगाइएको थिएन, उपेन्द्र यादवलाई हराउनका लागि सारा शक्ति प्रयोग पनि भएको थियो। २०७९ को चुनावपछि उपेन्द्र यादवले मधेश प्रदेशको मुख्यमन्त्री सरोज यादवलाई बनाएपछि बारा-२ मा भएको उपनिर्वाचनमा मात्र चुनाव जित्नु भएको थियो।

बाँकी पृष्ठ १० मा

# बीआरआइ सम्झौता बारे मधेशी दलको अशंका

प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमणमा गएको बेला मंसिर १९ गते बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) सहकार्यको फ्रेमवर्क सम्झौता भएको थियो। सम्झौतामा नेपालका तर्फबाट परराष्ट्र मन्त्रालयका निमित्त सचिव अमृतबहादुर राई र चीनका तर्फबाट नेसनल डेभलपमेन्ट एन्ड रिफर्म कमिसनका उपाध्यक्ष लि सुशेले हस्ताक्षर गर्नुभएको थियो। चीनमा भएको सम्झौता सार्वजनिक भएको छ। त्यसमा व्यापार, हवाई एवं स्थलगत कनेक्टिभिटी, पूर्वाधार निर्माण तथा आर्थिक सहायताजस्ता विषय समेटिएका छन्।

'बीआरआईमा ऋण लिइन्न, अनुदान मात्रै' लिने शर्त राख्दै आएको नेपाली पक्षले तत्कालका हकमा 'सहुलियत दररेट तथा प्रचलनअनुसारको प्रबन्धमा ऋण लिन मिल्ने' सहमतिमा हस्ताक्षर गरेको छ। सो सम्झौता बाध्यताबश गरेको कुरा सत्ताधारी दलबाट नै खुल्नमा आएको छ। नेपाली काँग्रेसकै कतिपय नेताले सत्ता जोगाउनका लागि चीनसँग बीआरआइमा सम्झौता गरिएको बताउँदै आएका छन्। सम्झौतामा व्यापार विस्तार र व्यापारिक पूर्वाधार निर्माणमा सहयोग अभिवृद्धि गर्ने, व्यापार र लगानीमा उदारीकरण र सहजीकरणको उपाय अपनाउँदै व्यापार वातावरण सुधार्ने उल्लेख छ। बन्दरगाह, पुल, सुरुङलगायत सडक, रेलमार्ग, हवाई पूर्वाधार, दूरसञ्चार परियोजना, विद्युत् प्रसारण लाइन निर्माण गरी कनेक्टिभिटी स्तर वृद्धि गर्न हिमालय पार बहुआयामिक कनेक्टिभिटी नेटवर्क निर्माण गर्ने कुरा पनि सम्झौतमा उल्लेख छ।

त्यस्तै, नेपाल राष्ट्र बैंक र चाइना बैंकिङ रेगुलेटरी कमिसन अन स्ट्रेन्थिङ बाइलेटरल बैंकिङ रेगुलेसन कोअपरेसनको फ्रेमवर्कअन्तर्गत बैंक नियामक निकायबीच सूचना आदानप्रदान र सीमापार नियमनसम्बन्धी सहयोगलाई थप प्रगाढ बनाउने उल्लेख सम्झौतामा उल्लेख छ। दुवै पक्षले बेल्ट एन्ड रोडको संयुक्त निर्माण र चीन-नेपाल क्रस बोर्डर रेलवे परियोजनाको प्रवर्द्धन लागि सहयोग बढाउन विद्यमान चीन-नेपाल अन्तरसरकारी परामर्श र सहयोग संयन्त्रको उपयोग गर्ने पनि सम्झौतामा उल्लेख छ। तर सत्ताधारी दलले चीनसँग गरेको सम्झौतामा मधेशवादी दल खुशी देखिदैन। अनुदानमा मात्र सम्झौता गर्ने भनेर चीन जानु भएका प्रधानमन्त्री ओलीले ऋण र अनुदान दुवैमा हस्ताक्षर गरेर फर्केपछि 'दाल मे कुछ काला है' भनि मधेशवादी दलका नेताहरुले भन्न थाल्नु भएको छ। प्रधानमन्त्री ओलीले नेपाली जनतासँग गरेको वाचा पुरा गर्न सक्नु भएन र चीनबाट शंकास्पद तरिकाले सम्झौता गरेर फर्किनु भएको टिप्पणी मधेशवादी दलका नेताहरुले गर्नुभएको छ।

चीन भ्रमणमा जानुअघि काँग्रेस-एमालले बीआरआइबारे गरेको सहमतिबाट पछिाडि हटेर नेपाली जनताको भावनासँग खेलवाड गरेको टिप्पणी उहाँहरुले गर्नुभएको छ। जनता समाजवादी पार्टी नेपालका महासचिव रामकुमार शर्माले बीआरआइ परियोजनामा ऋण आउनु हुँदैन यसमा नेपाल सचेत रहनुपर्ने बताउनुभयो। प्रधानमन्त्री ओलीले पटक पटक भन्नुभएको थियो कि चीनबाट ऋण लिदैनौ, काँग्रेस-एमालेले पनि त्यही सहमति गरेका थिए तर चीन गएर त्यस सहमतिबाट पछाडि हटेर नेपाली जनताको भावना विपरित सम्झौता गरेको उहाँले टिप्पणी गर्नुभयो।

ऋण लिएर विकास गर्ने अवस्था अहिले नेपालको छैन, त्यसमा नेपाल सरकार सचेत रहनुपर्थ्यो, आफ्नो कुरा त्यहाँ जोडदार रुपमा राख्नुपर्थ्यो तर त्यसमा चुकेको बताउँदै उहाँले अनुदानको ठाउँमा सहयोग (एड) शब्द प्रयोग गरेका छन् यसले झन शंका उत्पन्न गरेको उहाँले बताउनुभयो। ऋण वा अनुदान वा दुवै लिन सकिन्छ भनि बुझाई जनतामा गएको बताउँदै उहाँले यसमा चीनले अनुदानभन्दा बढी ऋणमा नै जोड दिने भएकाले नेपाल यसमा सचेत रहनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका महासचिव डा.सुरेन्द्र झाले पनि चीनले नेपाललाई ऋणको चङ्गुलमा फंसाउन चाहेको दावी गर्नुभयो। अनुदान अनुदान भनेर ऋणमो पासोमा नेपाललाई फँसाइ सकेको छ र यसको नतिजा पछि मात्र देखिने बताउँदै उहाँले नेपालले कुनै पनि हालतमा ऋण स्विकार गर्न नहुने बताउनुभयो। बीआरआइ ऋणमा नै आउने भनि सम्झौताले सुनिश्चित गरेको दावी गर्दै महसचिव झाले प्रधानमन्त्री ओलीबाट नेपाली जनतालाई धोका भएको पनि दावी गर्नुभयो। पोखरा एयरपोर्टको ऋणलाई अनुदानमा परिणत गराउने कुरा पनि प्रधानमन्त्री ओलीले पटक पटक भन्नुभएको थियो तर त्यहाँ पोखरा एयरपोर्टको बारेमा चर्चा समेत नहुनुले बीआरआइ सम्झौताले झन आशंका उत्पन्न गराएको उहाँले बताउनुभयो।

बाँकी पृष्ठ १० मा

# जसपा नेपालको महाधिवेशन विवादमा

गत जेठ २८-३० गतेसम्म जनकपुरमा सम्पन्न जनता समाजवादी पार्टी नेपालको एकता महाधिवेशन विवादमा आएको छ। महाधिवेशनबाट भन्दै चयन गरिएको कार्यसमिति पनि विवादमा आएको छ। यस्तो विवाद उत्पन्न भएको छ कि महाधिवेशन नै खारेज हुने अवस्थामा पुगेको छ। महाधिवेशन खारेज नभएपनि कार्यसमिति खारेज हुने सम्भावना रहेको निर्वाचन आयोग स्रोतले जनाएको छ। यही र यस्तै विवादका कारण महाधिवेशन सम्पन्न भएको सात महिनाभन्दा बढी भइसक्दा पनि निर्वाचन आयोगले हालसम्म त्यसलाई मान्यता दिएको छैन। महाधिवेशन सम्पन्न भएको ३० दिनभित्र पार्टीले त्यसको जानकारी आयोगलाई गराउनुपर्छ। र त्यसको ९० दिनभित्र आयोगले सम्बन्धित पार्टीलाई अध्यावधिक भएको नभएको जानकारी गराउनुपर्छ।

महाधिवेशनमा प्रकृयागत त्रुटि भएको कारण आयोगले अध्यावधिक गर्नमा ढिलाइ गरेको पाइएको छ। महाधिवेशनको वैधानिकतामाथि प्रश्न उठाउँदै निर्वाचन आयोगमा लुम्बिनी प्रदेशका पार्टीका तत्कालिन इन्चार्ज अशोक यादवले उजुरी हाल्नु भएको छ। त्यो उजुरीमाथि छानविन गर्दा आयोगले ढिलाई गरेको बताइएको छ। विधान अनुसार पार्टीको कार्यसमिति चयन नभएको अशोक यादवले दावी गर्दै निर्वाचन आयोगमा उजुरी दिनुभएको छ। जसपा नेपालको महाधिवेशनमा उम्मेदवार नै नभएका व्यक्तिलाई सो पार्टीका अध्यक्ष उपेन्द्र यादवले कार्यसमितिमा ल्याउनु भएको हो। त्यस्तै कतिपय नेताले उम्मेदवारी एउटा पदमा दिनुभएको थियो भने चयन अर्को पदमा हुनुभयो जो पार्टीको विधान विपरित भएको आयोगले दाबी गरेको छ। विधान अनुसार निर्वाचनबाट पार्टीका पदाधिकारी चयन हुनुपर्ने भनिएको छ। तर पार्टीका अध्यक्ष उपेन्द्र यादवले अध्यक्षबाहेक सबै पदाधिकारी आफूले चयन गर्नुभएको छ। उपेन्द्र यादव आफू अध्यक्ष पदमा महाधिवेशनबाट चयन हुनुभयो तर अन्य पदाधिकारी तथा सदस्यहरु उहाँले आफै चयन गर्नुभयो।

महाधिवेशनमा अध्यक्ष पदमा उपेन्द्र यादवको मात्र उम्मेदवारी परेको थियो। त्यही भएर उहाँ सर्वसम्मतीले चयन हुनुभयो तर अरु पदमा उम्मेदवारी परेको थियो। दुई वा दुईभन्दा बढी व्यक्तिले एउटै पदमा विधिवत तरिकाले उम्मेदवारी दिनुभएको थियो। तर त्यो उम्मेदवारीलाई बेवास्ता गर्दै अध्यक्ष उपेन्द्र यादवले आफ्नो तरिकाले जसलाई मन लाग्यो त्यसलाई केन्द्रीय समितिमा चयन गर्नुभयो। जो महासचिवमा उम्मेदारी दिनुभएको थियो उपमहासचिवमा चयन हुनुभयो जो सहअध्यक्षमा उम्मेदवारी दिनुभएको थियो त्यो उपाध्यक्षमा जानुभयो। जो उपमहासचिवमा उम्मेदवारी दिनुभएको थियो त्यो सचिवमा चयन हुनुभयो। जो विधान विपरित तथा निर्वाचन निर्देशिका विपरित रहेको आयोगले जनाएको छ।

उम्मेदवारी दिएकामध्ये कसैले आफ्नो उम्मेदवारी फिर्ता लिनुभएको छैन। अध्यक्षले कार्यसमिति सदस्य, पदाधिकारी चयन गर्नुभन्दा पहिले हरेकले आआफ्नो उम्मेदवारी फिर्ता लिनुपर्ने थियो तर उम्मेदवारी कायम रहेकै बेला अध्यक्ष यादवले आफ्नो तरिकाले कार्यसमिति बनाउनुभयो। अध्यक्ष यादवले पनि उम्मेदवारी दिएकामध्येबाट नै कार्यसमितिमा चयन गर्नुपर्थ्यो तर उहाँले त्यस्तो गर्नु भएन जवर्जस्ती जसलाई जे गर्न मन लाग्यो त्यही गर्नुभयो।

बाँकी पृष्ठ १० मा

## फरकमत

# लोकप्रियतावादीहरुले जनतामा छरेका भ्रमहरू



उमेशकुमार यादव

भ्रष्टाचार पूँजीवादको बिचलन न भइ बल्की उसको नियम नै हो। जसको सामाजिक-आर्थिक व्यवस्थाको प्रेरक तत्व तथा तर्क नै निजी मुनाफा, निजी सम्पत्ति र निजी सञ्चय हुन्छ । त्यहाँ यो मुनाफा बुर्जुवा संविधान र आचारसंहिताको घेराभित्र बस्दैन। यसले संवैधानिक प्रावधानहरुलाई आफ्नो या त अनुकूल प्रयोग गर्छन् या त संविधानमाथि प्रहार गर्छन्।

पूँजीको शक्तिको अगाडि नतमस्तक हुने कानुन, संस्था र अधिकार पाएका अधिकारी, असमानता र विभेद उत्पादन गर्ने र त्यसलाई नै मलजल गर्ने सामाजिक-आर्थिक संरचनालाई यथावत् राखेर भ्रष्टाचारको समुल नष्ट हुन सक्दैनन्। तसर्थ समुच्चा पूँजीवादी व्यवस्थाको विकल्पबिनाको विरोध मात्रै गरेर भ्रष्टाचारको अन्त्य हुन्छ भन्नु भनेको जनतालाई ढांटनु हो या त मुर्खता हो। पूँजीवादी व्यवस्थाले आफ्नो संकटकालमा सधैं निम्न मध्यमवर्गीय आदर्शवाद तथा उच्च मध्यमवर्गीय प्रतिक्रियावादलाई प्रयोग गर्दै आएको छ। पूँजीवादी शासनको विरुद्धको आन्दोलन पूँजीवादी व्यवस्थाकै विरुद्धमा क्रान्तिकारी बिद्रोहमा रुपान्तरण हुन सक्छ। त्यसलाई रोक्नको लागि पूँजीवादलाई आफ्नो सत्ता सुरक्षित र अझ निरंकुश पार्न आम श्रमजीवी जनता, निम्न मध्यमवर्गीय जनता तथा मुक्तिकामी जनताको जनआक्रोशलाई सुरक्षित अवतरण गराउन, दिशाविहीन बनाउन त्यसले दक्षिणपन्थी लोकप्रियतावादी नाटकवाजलाई अगाडि सार्छन् र जुमेलीवाजी गराउँछन्। अनेकौं रूपमा आन्दोलन खडा गर्छन्। त्यसले बुर्जुवावर्ग र त्यसको पक्षमा उभिएको वर्गको अगाडि कठोर नवउदारवादको साथसाथै सफासुग्धर नवउदारको विकल्प सडसडै लान्छ।

पूँजीवादी व्यवस्थाको विरुद्धमा होइन कि पूँजीवादी व्यवस्थाको विभ्रमहरुलाई जोगाइ राख्न र दीर्घजीवी बनाउनका लागि सुशासन एवम् भ्रष्टाचार विरोधी राजनीतिक एजेन्डालाई केन्द्र बिन्दुमा राखेर राजनीतिक गर्नु तर विचारधारात्मक रूपमा आफूलाई कतै उभ्याउन न सक्नु वा न उभ्याउने काम नेपालमा पनि दक्षिणपन्थी लोकप्रियतावादीहरुले विभिन्न स्वरुपमा २०७९ को निर्वाचनदेखि जबर्जस्त रूपमा उदाएको देखिन्छ।

२०७९ मा मात्र होइन यसअघिका चुनावहरुमा पनि पूँजीवादी शक्ति र बुर्जुवाहरुको बिचमा द्वन्द हुने गरेको देखिन्छ। हरेक चुनावमा पूँजीवादहरुको चहल र बर्चस्व बढेका हुन्छन्। दक्षिणपन्थी र लोकप्रियतावादीहरुले नेपाली जनतालाई विभिन्न ढंगले भ्रममा पार्ने गरेको देखियो र देखिन्छ। जनतालाई ठूला ठूला सपना देखाएर त्यसमा भुलाउने काम गरे। मुल सिद्धान्त र विचारबाट विचलन गराइ दक्षिणपन्थीमा धारमा लगेर सबैलाई मुर्ख बनाउने काम गर्‍यो। जसको नतिजा अहिले देखिन्छ।

शासकवर्ग र समुहको नग्न भ्रष्टाचार, जातिवादको विरुद्धमा गहिरो असन्तुष्टि बढिरहेको, धनी-गरिब बिचको खाडल बढ्दै गइरहेको, कृषि क्षेत्रले लागत धान्न न सक्ने, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रलाई खुल्ला बजारको जिम्मा लगाएर जनजीवन कष्टकर बनाएको, बेरोजगारी, श्रम पलायनता, परनिर्भरता, वैदेशिक ऋण बढ्दै गइरहेको स्थिति एकातिर छ। समाजवादको वकालत गर्ने दलहरूले पनि पञ्चायती व्यवस्थाले आफ्नो मरणासन्न समयमा अन्तर्राष्ट्रिय बितीय संस्थासँग गरेको सम्झौता अनुसार नै २०४६ पछिका सरकारहरुले आफ्नो अर्थनीति (नवउदारवाद)लाई निरन्तरता दिँदा उत्पन्न सङ्कटको कारणले आज पुराना संसदीय पार्टीहरु प्रति मोह भङ्ग हुँदै गइरहेको एकातिर छ। अर्कोतिर क्रान्तीकारी आन्दोलनमा आएको ठहराव र त्यसले बढाएको निराशाले दक्षिणपन्थी लोकप्रियतावादको राजनीतिलाई मलजल गरिरहेको छ। उनीहरुको मलजलकै कारण अहिले नेपाली जनता रणभुल्लमा परेका छन्। ती लोकप्रियतावादीहरुको पोल एक-एक गरी खुलिरहेका छन्। लोकप्रियतावादीहरुले शहरी उच्च र मध्यमवर्गीयको बिचमा जनाधार निर्माण गर्दै विद्यार्थी, युवा तथा वैदेशिक श्रममा गएकाहरु सहितमा आफ्नो प्रभाव विस्तार गरेको छ।

लोकप्रियतावादको राजनीतिक गर्नेहरूले पूँजीवादी व्यवस्थालाई कठघारामा उभ्याउँदैनन्। बल्की यसले भ्रष्टाचारको मुद्दालाई यस्तो हतियार बनाउछन् कि समस्याको मुख्य कारणसम्म पुग्न दिदैन। अन्ततः यसले फाँसीवादी राजनीतिलाई मद्दत गर्न पुग्छ। यसको उदाहरण रवी लामिछानेलाई लिँदा हुन्छ। चुनावका लागि वा जनताका बिचमा उहाँ लोकप्रिय हुनुहुन्छ। लोकप्रियताका कारण चौथो शक्ति भएर उदाउनु भयो। र अहिले भ्रष्टाचार जस्ता मुद्दामा गिजोल्दै जानु भएको छ। उहाँ मात्र होइन, ललिता निवास काण्ड, भुटानी शरणार्थी बेचिविखन काण्ड, टी स्टेट काण्डलगायत यस्ता थुप्रै काण्डहरु भए त्यसलाई लोकप्रियतावादीहरुले हतियार बनाएका थिए।

महान जनयुद्ध, एतिहासिक जन आन्दोलन, मधेस आन्दोलन र त्यसले निर्माण गरेको जगमा प्राप्त संघीयता, समानुपातिक, पहिचानको मुद्दाको विरुद्धमा उभिनेहरु कसरी नयाँ हुन सक्छ ? निर्वाचनमा प्रदेशसभाका उम्मेदवार हरुलाई मत न हालेर उनीहरुले संघीयता प्रतिको आफ्नो दृष्टिकोण स्पष्ट पारेको होइन र ? पितृसत्तात्मक राज्य बारेमा एकल जातीय बर्चस्व बारेमा वर्गीय विभेद बारेमा मौन रहनुले उनीहरुको नियत स्पष्ट गर्दछ। लोकप्रियतावादीहरुका लागि संघीयता, गणतन्त्र वा प्रगतिशिल विचारधारा केही पनि होइन। उनीहरु अवसरवादी मात्र हुन्। देशमा संघीयता, समानुपातिक व्यवस्था ल्याउनुमा उनीहरुको कुनै योगदान छैन भने कुरा उनीहरुको क्रियाकलापले पुष्टि हुन्छ।

तसर्थ पूँजीवादी शोषणको आजको हरेक रुपको पहिचान र त्यससँग मुठभेड गर्न सक्ने बिचारको विकास गर्नु नै आजको सबभन्दा ठुलो कार्यभार हो। हाम्रो सस्तो श्रम, सस्तो प्राकृतिक सम्पदालाई आफ्नो बजारको विस्तारका लागी मित्र राष्ट्रहरु र अन्तर्राष्ट्रिय बितीय संस्थाले दिइने अनुदान र त्यससँग लिने ऋणको सम्बन्धमा एउटा राष्ट्रिय दृष्टिकोणमा एकरुपता हुनुपर्छ।

*(लेखक उमेशकुमार यादव माओवादी केन्द्रका नेता हुनुहुन्छ)*



■ सुजीतकुमार झा

# नेपाल–भारतबिचको अद्भुत सम्बन्ध

नेपाल एसिया देशमध्येको पुरानो देश मानिन्छ । यस क्षेत्रको अस्तित्व अढाई हजार वर्ष पुरोनो रहेको देखिन्छ । महाभारत, स्कन्द, गरुड, बराह पुराण आदिमा पनि नेपालको उल्लेख पाइन्छ । प्राचीन कालदेखि नेपालको भारत र चीनसित राजनीतिक सम्बन्ध र कारोबार रहँदै आएको इतिहासका तथ्यहरुले बताउँछन् ।

अतः नेपाल-भारत सम्बन्ध प्राचीन छ । अंग्रेजहरूको उपनिवेश हुनुपूर्व भारतीय उपमहाद्वीपमा पनि विभिन्न स्वतन्त्र राज्य थिए । ती राज्यबिच आपसी तिता-मीठा, युद्ध-शान्ति र संघर्ष-सम्झौतापूर्ण सम्बन्ध रहेको तथ्य इतिहासको कालखण्डमा भेटिन्छ । नेपालको पनि भौगोलिक विशिष्टता तथा समान आर्थिक-सामाजिक परिवेशका कारण भारतका प्रायः सबै राज्यसँग कुनै न कुनै प्रकारको सम्बन्ध थियो । नेपालका शासकहरूमा किराँतबाहेक सबै राजवंशले पुर्ख्यौली थलो भारतका विभिन्न ठाउँमा भएको देखाएका छन् ।

नेपाल भारतको एउटा महत्वपूर्ण छिमेकी हो । सदियौं पुरानो नागरिक सम्बन्ध र विश्वास, भौगोलिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा आर्थिक सम्बन्धहरू दुवै देशका लागि निकै महत्वपूर्ण छन् । स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूले सबै राष्ट्रहरूसँग उच्चस्तरीय संवादको संस्कृतिको प्रारम्भ गरेका थिए । वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीले संवादको उक्त संस्कृतिलाई निरन्तरता दिइरहेका छन् । यो परम्परा अक्षुण्ण रहँदै अहिले अझै व्यापक र बलियो बन्दै गएको छ । प्रधानमन्त्री मोदीले पटक-पटक गरेका नेपाल भ्रमण र ती अवसरमा नेपालसँगको सम्बन्धबारे व्यक्त गरेका विचारहरूले सम्बन्धलाई उचाइमा पुऱ्याउन मद्दत गरेका छन् ।

भारतको सहयोगअन्तर्गत शैक्षिक पूर्वाधार, अस्पताल, विमानस्थल, सडक सञ्जाल, रेलवे, बिजुली प्रसारण ऊर्जा विकाससहित आधुनिकीकरणका सबै क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल भएका छन् । नेपालले पनि भारतको विकासमा ठूलो योगदान दिएको छ । चाहे भारतको स्वतन्त्रताको लडाइँमा होस् वा भारतीय सीमाको सुरक्षामा, नेपालीद्वारा दिइएको बलिदान अभूतपूर्व छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, त्रिभुवन राजमार्ग, पूर्व-पश्चिम राजमार्ग, हुलाकी सडक, कोसी ब्यारेज, कर्णाली पुल, जनकपुर-जयनगर रेल, एकीकृत भन्सार चौकी, नेपाल-भारत पेट्रोलियम पाइपलाइन, नेपाल-भारत विद्युत् प्रसारण लाइन, अरुण तेस्रो परियोजना, ट्रमा सेन्टर, बीपी कोइराला चिकित्सा विज्ञान संस्थान, नेपाल-भारत पुस्तकालय, पशुपति धर्मशाला, जयनगर-कुर्था (जनकपुरधाम) रेल आयोजना आदि नेपालको विकासमा भारतले लगानी गरेका केही उल्लेखनीय परियोजना हुन् ।

विद्यालय तथा अस्पताल भवन, खानेपानी प्लान्ट, लघु ऊर्जा परियोजना, सडकखण्ड निर्माणसहितका सामुदायिक विकास परियोजनाअन्तर्गत नेपालमा अहिलेसम्म ४६४ पूर्वाधारको निर्माण सम्पन्न भइसकेको छ भने ६८ वटा आयोजनाहरू निर्माणाधीन छन् । नेपाली जनताको सुविधाका लागि भारत सरकारद्वारा सयौ एम्बुलेन्स र दर्जनो स्कुल बस नेपाल सरकारलाई हस्तान्तरण गरेको छ ।

**कोभिड तथा भुकम्प**

'छिमेकी देशको' नीतिअन्तर्गत भारतले सधैँ नेपाललाई प्राथमिकतामा राखेको एउटा नेपालीको हैसियतले आफूहरुले पनि देखि रहेको छु । चाहे त्यो २०१५ को विनाशकारी भूकम्पका समयमा आएको भारतको तत्काल प्रतिक्रिया होस् वा कोभिडसिल्ड खोपको सहयोग, भारतले नेपालका नागरिकको स्वास्थ्य सुरक्षामा प्राथमिकता दिएको छ । भारत नेपालको एक असल साथीका रूपमा सधैँ रहिरहनेछ । भारत सधैँ नेपाललाई सहयोग गर्न तम्तयार हुने गरेको छ । भारतले गोरखा र नुवाकोट जिल्लामा ५० हजार सुरक्षित घर निर्माणका लागि ९३ करोड ७० लाख बराबरको अनुदान प्रदान गरेको थियो । क्षतिग्रस्त विद्यालय, अस्पताल र नेपालका विभिन्न जिल्लामा सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माणका लागि पनि भारत सरकारले अनुदान दिँदै आएको छ ।

कोभिड-१९ महामारीको बेला नेपाल र भारतबीच असल छिमेकीका रूपमा अभूतपूर्व समन्वय देखियो । जसकारण, कोभिडको उच्च प्रभाव भएको समयमा पनि अति आवश्यक दैनिक उपभोग्य सामानको सहज आपूर्ति हुन सक्यो । विनाकुनै अवरोध काम सञ्चालन हुन सकेका छन् । पहिलो चरण र दोस्रो चरणको लकडाउनमा भारतबाट नेपाल प्रवेश गर्ने सबै उपभोग्य वस्तु, स्वास्थ्य सुरक्षाको मापदण्डअनुरूप विनाकुनै बाधा नियमित उपलब्ध भए । यसबाहेक भारतले कोभिड-१९ सँग लड्न आवश्यक अन्य सामग्री पनि प्रदान गरेको थियो ।

**राजनीतिक शुभेच्छा**

नेपाल र भारतका बीच धार्मिक, सांस्कृतिक, पर्यावरणीय सम्बन्ध छ । नेपालका पवित्र नदीहरू भारततर्फ प्रवाहित हुन्छन् । राजनीतिक हिसाबले नेपाल राजनीतिक परिपक्वताको मार्गमा छ । यो क्रममा नेपालले जे जति उपलब्धि हासिल गरेको छ, त्यसका लागि भारतीय सहृदयता र शुभेच्छा रहेको छ । नेपाल अहिले पनि राजनीतिक स्थायित्वको खोजीमा छ । नेपालमा राजनीतिक स्थायित्व भारतका लागि मात्रै होइन, दक्षिण एसियाकै लागि अनिवार्य छ । नेपाल र भारत बिचको सम्बन्ध नेपालले भारतलाई के दियो, बदलामा भारतले नेपाललाई के दियो भन्ने प्रश्नका आधारमा तौलिने सम्बन्ध भने होइन । नेपाल र भारतको सम्बन्ध सदियौँको परम्परामा निरन्तर चलिरहेको छ । यी दूई देश बिचको खुला सिमानाले पनि यी मुलुकको सम्बन्धको अविच्छिन्नता र मौलिकतालाई स्पष्ट पार्छ । छिमेकीका बिचमा सानातिना विवाद सधैँ नै हुन्छन्, जुन नौलो होइन । तर, ती विवादले स्थायी र दीर्घकालीन सम्बन्धमा खासै असर पार्दैनन् ।

नेपाल र भारतका बीचको सौन्दर्य नै सु-सम्बन्ध हो । दुई देशका बीच विश्वासको वातावरण भएको खण्डमा विकासका प्रयास सफल हुनेछन् । अहिलेसम्म नेपाल र भारतका बीच कटुता देखिएको छैन । नेपाल र भारतबीच सहअस्तित्व र विश्वासको सम्बन्ध रहोस् भन्ने चाहना राख्नेहरू स-साना विषयमा दुवै देशका नेतृत्वले आफ्नो समय खेर नफालून् भन्ने चाहन्छन् ।

**राजनीतिक सम्बन्ध**

आधुनिक नेपाल-भारत सम्बन्धलाई परिभाषित गर्ने सन् १९५० को शान्ति तथा मैत्री सन्धी हो ।  उक्त सन्धि सन् १९४७ मा ब्रिटिस शासनबाट भारत स्वतन्त्र भएपछि नेपालसितको सम्बन्धलाई नयाँ आधार तयार गरी निर्देशित गर्न तयार गरेको छाता सन्धि हो । मुलतः तत्कालिन दुई ध्रुवीय विश्वको शीत युद्धकाल कम्युनिष्ट चीनविरुद्ध सामरिक मामलामा सहयोग र नीतिगत समन्वय गर्न तयार गरिएको हो । नेपालमा भारतीयहरुलाई व्यापार व्यवसायमा भित्र्याउन र भारतीय एकाधिकार बजार सुदृढ गर्ने मनसायबाट प्रेरित रहेको केहीले आरोप लगाएपनि जुनबेला समस्या आउँछन भारत सबै अगाडी आउने गरेको छ । त्यो बेला ती आरोप निराधार हो छर्लङ्ग हुन्छ ।

राजनीतिक सम्बन्धको आधारको मूल्याङ्कन गर्ने हो भने कुनै राजनीतिक परिवर्तन हुँदा दुबै देशका शासन प्रमुखले एक अर्को देशको भ्रमण गर्ने गरेको छ । दुबै देशमा भएको आन्दोलनमा दुबै देशका नागरिक सहभागि भएका छन् । जननेता बीपी कोइरालाले भारतीय स्वतन्त्रा संग्रामको बेला जेलसम्म बसेका थिए । गौरवपूर्ण सम्बन्धको इतिहासलाई निरन्तरता दिँदै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले २०१४ मा प्रधानमन्त्री बनेयता चारपटक नेपालको भ्रमण गरिसकेका छन् । भ्रमणको क्रममा उनले पशुपतिनाथ, जानकी मन्दिर र मुक्तिनाथ समेतको दर्शन भ्रमण गरे । नेपाल र भारत दुबैका निम्ति धार्मिक एवं सांस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण यी तीर्थस्थलहरूले दुबै देशको सम्बन्धलाई थप प्रगाढ रूपमा जोड्न सक्छन् भन्ने सन्देश पनि उनका भ्रमणले दिएका छन् ।

यता केही दिनअघि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले पनि भारतको मध्यप्रदेशको उज्जैनस्थित महाकाल मन्दिरमा पूजागर्न पुगेका थिए । मोदीले शुरु गरेको धार्मिक यात्राकै निरन्तरताको रुपमा त्यसलाई देखिएको छ । नेपालले आफ्नो स्वतन्त्र अस्थित्वका लागी  अनवरत संघर्ष गरेको देखिन्छ । त्योबेलाको विश्वशक्ति नम्बर १ ब्रिटिश साम्राज्यसित नेपालले १८१४-१५ मा युद्ध लडेको र शान्ति सम्झौता गरेको थियो । त्यसबेला एसियाको नम्बर १ शक्ति चीनसित १८५६ मा युद्ध लडेको र शान्ति संम्झौता गरेको थियो । आफ्ना छिमेकीसँग सम्बन्ध बढाउन नेपालले सन् १८५६ मा ल्हासामा दुतावास (लीगेशन) स्थापना र १९३४ मा लण्डनका दुतावास स्थापना गरेको थियो ।

राणाकालमा बिशेषत जङ्गबहादुर राणाले उत्तरी छिमेकीसँग आर्थिकसंगै अन्य सम्बन्ध कम गर्दै भारतमा शासन गरेको ब्रिटिश शासनको एकतर्फी गुलामी नगर्ने नीति लियो र नेपाल आर्थिकसंगै अन्य गतिबिधिका लागि भारतसँग मात्रै निर्भर रहने वतावरण बन्यो । त्यो स्थितिले अहिलेसम्म पनि निरन्तरता पाइरहेको छ ।

**सामाजिक–संस्कृतिक सम्बन्ध**

नेपाल-भारत बीचको सबै भन्दा मजबुत सम्बन्ध भनेको सामाजिक सम्बन्ध नै हो । जसलाई नेपाल-भारत बीचको जनस्तरको सम्बन्ध भन्ने गरिन्छ । यसभित्र पारिवारिक, आर्थिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय, कामदारहरु आदान प्रदानका सम्बन्धहरु पर्दछन् । खुला सीमा भएकै कारण नेपाल-भारत बिच यो सम्बन्ध निकै मजबुत छ । यदा कदाको आर्थिक उतार-चढावबाहेक यो सम्बन्ध सधैँ स्थिर छ । नेपाल वा भारतमा कुन सरकार बन्यो वा कस्तो राजनीतिक व्यवस्था छ भन्ने कुराले यो सम्बन्धमा कुनै फेरबदल गर्दैन ।

अझ कतिसम्म भने कतिपय यी सम्बन्धका पक्षहरुलाई नेपाल वा भारतमा कसको सरकार छ र सरकारको परराष्ट्रनीति कस्तो छ भन्ने कुरा समेत थाहा हुँदैन । न त दुई देश बीचको परराष्ट्र नीतिले नै यी कुराहरुमा ठूलो फरक पार्दछ । नेपाल-भारत बीच खुला सीमाना भएकाले पनि दिल्ली-काठमाडौं बीचको सम्बन्धमा उतार-चढावले सीमामा धेरै ठूलो असर नपरेको हो । रोटी बेटीको सम्बन्ध भन्ने गरिएको यो सम्बन्ध कुनै सरकारले निर्माण गरेको नभइ स्वतः स्फूर्त सम्बन्ध हो र यो स्थिर पनि छ ।

सामाजिक-सांस्कृतिक दृष्टिले घनिष्ठ मानिने नेपाल-भारत परम्परागत सम्बन्ध समान धर्म, संस्कृति तथा खानपानका  विकास भएको मानिन्छ । त्यस्तै खुला सीमा तथा ठूलो संख्यामा जनताको काम गर्ने, व्यापार गर्ने, पढ्ने पढाउने एकअर्को देशमा निर्भर, बिहे- वारी आदिले पनि प्राचीन समय देखिनै नेपाल भारत सम्बन्धलाई सामाजिक-संस्कृतिक पहिचान दिएको छ । 'कुनै पनि राष्ट्र बलियो र समृद्ध बनाउन उक्त देशको विदेश नीति बलियो हुन आवश्यक छ'-'सिंगापुरका पूर्वप्रधानमन्त्री ली क्वान युले कुनै सन्दर्भमा पत्रकारसँग भनेको यो कुरा नेपालको सन्दर्भमा सरोकारवालाहरूले बुझ्न जरुरी छ । नेपाल-भारत सम्बन्धलाई राजनीतिक तहमा प्रवेश गराउन नेपालले नै बढी चासो दिनु देशका लागि हितकर हुनेछ । आफ्नो भू-राजनीतिक र रणनीतिक अवस्थिति विचार गर्दै नेपालले विदेश नीति निर्माणमा ध्यान दिए बदलिँदो परिस्थितिमा भारतसँगको सम्बन्धले हार्दिकता ग्रहण गर्नेछ ।

**आर्थिक सम्बन्ध**

नेपालको व्यापारिक नाका तथा 'हब' का रुपमा नेपालको पहिचान ऐतिहासिक काल देखि नै व्यापार तथा आर्थिक क्रियाकलापमा नेपालको महत्वपूर्ण स्थान रहेको छ । नेपाली मुद्राको तिब्बतमा बोलबाला रहेको तथ्य समेत हामीले पढ्न पाउछौ । नेपालको लिच्छवी तथा मल्ल कालमा नेपालको जुन वैभव थियो, त्यसको मुख्य आधार नै त्यही आर्थिक तथा व्यापारिक क्रियाकलाप थियो । तर बिशेषत् गोर्खा फौजको नेपाल एकीकरण पछि नेपालले बाहिरी संसारसँग सिमित सम्बन्ध राख्ने नीति लियो र लगत्तै राणाकालमा  तिब्बतसँग आर्थिक संगै अन्य सम्बन्ध कम गर्दै भारतमा शासन गरेको ब्रिटिश राजको एकतर्फी सम्बन्ध राख्ने नीति लियो र नेपाल आर्थिकसंगै अन्य गतिबिधिका लागि भारतसँग मात्रै निर्भर रहने वतावरण बन्यो । त्यो वतावरणलाई ब्रिटिशले भारत छोडेर गए पछि पनि वर्तमान भारतले निरन्तरता दियो । सन् १९५० को सन्धिले झन् संस्थागत गर्यो नेपाल व्यापार, लगानी तथा अन्य आर्थिक गतिविधिका लागि एकतर्फी रुपमा भारतमा निर्भर रहनु पर्यो ।

अर्कोतिर नेपाल भुपरीवेष्ठित देश भएकाले सहज र छोटो दुरीमा अन्तर्राष्ट्रिय व्यपारका लागि भारतमै निर्भर रहने स्थितिले समेत त्यो वातावरण बलियो बन्दै गएको हो । हालको आवस्था भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार हो । विदेशी लगानीको सबैभन्दा ठूलो स्रोत पनि हो । साथै नेपालको लगभग तेस्रो देश व्यापारका लागि ट्रान्जिट प्रदान गर्दछ । सीमा क्षेत्रका अधिकांश नेपाली उपभोक्ताले सहज रुपमा भारतीय बजारबाट आफ्ना दैनिक उपभोग्य सामान आपूर्ति गरिरहेको अवस्था छ । आफ्ना उत्पादन पनि सहजै रुपमा भारतीय बजारमा बिक्री गरिरहेको अवस्था छ ।

नेपालले भारतबाट हार्डवेयर, कोइला, कपडा, चुरा, टीका, तेल, मार्वल-टायल्स, मोटरेवल तथा इलेक्ट्रोनिक्स सामान आयात गरिरहेको छ । नुन लगायतका अन्य खाद्य पदार्थको स्थान समेत आयातमा उच्च छ । भारतको बाटो भएर इन्धन, सोलार ब्याट्री, सुपारी, पेय पदार्थ, गार्मेन्ट, प्लाष्टिकका सामान आयात गरिरहेको अवस्था छ । त्यस्तै नेपालबाट स्थानीय उत्पादित सुपारी, चिया, कुचो, अदुवा, जडिबुटी जस्ता सामान भारत निर्यात भइरहेको छ । नेपालबाट भारतको बाटो हुँदै तेस्रो मुलुकतर्फ जस्तापाता, दाललगायतका सामान निर्यात भइरहेको पाइन्छ । सीमावर्ती क्षेत्रमा बनेका सुख्खा बन्दरगाहका कारण दुई देश बिचको सीमा व्यापारमा थप सहजता भएको मेची भन्सार कार्यालयका अधिकारीहरुको अनुभव रहेको छ । मेची भन्सार कार्यालयले मात्र सीमा व्यपार अन्तरर्गत वार्षिक तीन अर्ब बढी राजश्व असुली गर्दै आएको छ ।

भारतीय रुपियाँ र नेपाली रुपियाँ बिचको अन्तर, निर्यातभन्दा आयात बढी हुनु तथा कतिपय सामान तेस्रो मुलुकबाट आयात गरी भारत निर्यात गर्नुपर्ने अवस्था नेपालका लागि चुनौती रहे पनि सम्भावनाको खोजी गरी व्यापार प्रवर्द्धन गर्नुपर्ने देखिन्छ । नेपालमा उत्पादन भएको विद्युत भारत निर्यात भइरहेको छ ।

भारतीय कम्पनीका गाडी आयात गर्दा नेपाली भन्सारमा दोब्बर कर तिर्नुपर्ने बाध्यता हटाउन भारतीय कम्पनीलाई प्रोत्साहित गरी नेपालमै गाडी उत्पादनका लागि साझा लगानीकर्ता आकर्षित गर्न सके अझ राम्रो हुने देखिन्छ । अझ नेपालका कृषि उत्पादनलाई स्तरीय बनाउन भारतीय व्यापारीको लगानी उत्तिकै आवश्यक छ । किनकि यहाँका कृषि उत्पादनको बजार भारत नै हो । खेती गर्ने समयमा पर्याप्त मल उपलब्ध नहुँदा कृषक समस्यामा पर्दै आएका छन् ।

यो समस्या हटाउन संयुक्त लगानीमा कारखाना खोल्न सके कृषि उत्पादनमा महत्वपूर्ण टेवा पुर्याउन सकिन्छ । सीमा व्यापारका सन्दर्भमा सन् १९९६ को नेपाल-भारत वाणिज्य सन्धीको स्थान महत्वपूर्ण छ । सन्धीको परिमार्जन विश्व व्यापार र क्षेत्रीय व्यापारको अवधारणामा आएको परिवर्तनको आधारमा हुनुपर्ने माग उठिरहेका बेला समय-समयमा परिमार्जन भइरहेका छन् । जस अन्तर्गत २००९ अक्टोबर २७ मा भारतका वाणिज्य तथा उद्योगमन्त्री आनन्द शर्मा र नेपालका वाणिज्य तथा आपूर्ति मन्त्री राजेन्द्र महतोले हस्ताक्षर गरेको नेपाल-भारत वाणिज्य सन्धी र अनाधिकृत व्यापार नियन्त्रण सहयोग सम्झौताले १९९६ को सन्धीलाई परिमार्जन गरेको छ ।

नेपालका साना उद्योगद्वारा उत्पादित वस्तुहरुले भारतमा एसएसआइ सरह कर छुटको सुबिधा पाउने । २००९ को सन्धी नेपाली वस्तुको भारतमा पहुँच उकास्न र दुई देशबीचको दुई पक्षीय व्यापार अभिवृद्धि गर्नको लागि अघिल्लो सन्धीमा आधारित रहेको छ ।

पछिल्लो समय व्यापार सहजीकरणमा भारतीय पक्ष लचिलो र उदार बन्दै गएको छ । दुई देशबीचका उद्योग वाणिज्य संघ, सरकारी निकाय, व्यापारीबीचको समय-समयको संवाद र बैठकले सीमा व्यापार प्रवर्द्धनमा टेवा पुर्याएको पाइन्छ । यस्ता बैठक सीमा व्यापारका समस्या र चुनौती हल गर्न महत्वपूर्ण बन्दै आएको बताइन्छ । तसर्थ सीमा व्यापारबाट द्विपक्षीय हितका लागि यसका चुनौती, समस्या, पहिचान गरी निराकरणतर्फ लाग्नु अनि बैठक र संवादलाई निरन्तरता दिनु आवश्यक छ । कुनै समस्या आए संवादबाटै हल गर्ने संस्कृतिलाई अझ नियमित र प्रभावकारी बनाउन सके सीमा व्यापार नेपाल-भारतको आर्थिक समृद्धिमा कोशेढुंगा बन्ने निश्चित छ ।

नेपालमाथि भारतको प्रभाव

दुवै देशबीच देखिएको मनोवैज्ञानिक पक्ष सुसम्बन्ध विकास गर्न केही हदसम्म अवरोधका रूपमा देखिएका छन् । नेपाल कहिले पनि पराधीन रहेन, सधै स्वतन्त्र र स्वाभिमान कायम गरेको देश हो । भारतलगायत दक्षिण एसियाका धेरै देश ब्रिटिस उपनिवेशमा रहिरहेका बखत भारतलाई उपनिवेश बनाई शासन गरिरहेको बेलायतसँग सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र र सम्मानित हैसियतमा नेपालले दौत्य सम्बन्ध कायम गरेको थियो । यो सम्बन्धले दुई शताब्दी पूरा गरिसकेको छ । भारत सन् १९४७ मा मात्र ब्रिटिस उपनिवेशबाट स्वतन्त्र हुनसकेको हो ।

त्यसैले विश्व संस्थालगायतका सबै प्रकारका अन्तर्राष्ट्रिय संस्था र मञ्चमा नेपालले भारतसरहको अधिकार र सम्मान प्राप्त गरिदै आएको छ । समुन्द्रसम्मको पहुँच भारत भएर मात्र उपयोग गर्न सकिने, दैनिक उपभोगका सामान भारतसँग बढी निर्भर रहनुपर्ने, जनसंख्या र क्षेत्रफलका हिसाबले नेपालभन्दा धेरै ठूलो, लामो समयदेखि लोकतन्त्रको अभ्यास भएको शक्ति सम्पन्न राष्ट्रका हिसाबले हामीले पनि बडे भाइ मान्दै आएको छौ । त्यसकारणले पनि होला नेपालका सानातिना व्यवस्थापनमा समेत भारतको प्रभाव र हस्तक्षेप विभिन्न समयमा देखिँदै आएको छ ।


राणाको शासन इस्ट इन्डिया कम्पनीकै समर्थनमा १०४ वर्षसम्म निरन्तरता प्राप्त गरेको, राणा शासनलाई समाप्त गर्न भारतले नै राजा त्रिभुवनलाई भारतमा शरण दिई सहयोग गर्नु, नेपालको प्रशासन सुधारका विषयमा सरकारलाई सुझाव दिन भारतबाटै विज्ञहरू नेपालमा आई काम गर्नु, नेपालको मन्त्रीपरिषद् भारतका राजदूत उपस्थिति हुने चलन कुनै कालखण्डमा रहनु, नेपालको लोकतान्त्रिक आन्दोलनमा भारतले नै समन्वय र सहयोग गर्दै आउनु, आदि केही उदाहरणहरू हुन्, जसले गर्दा नेपालका उच्च पदस्थ राजनीतिज्ञ पनि भारतप्रति आदर भाव राख्दै आएको छ ।

नेपालका अधिकृत दर्जाका सैनिकलाई भारतको सैनिक तालिम केन्द्रले प्रशिक्षण प्रदान गर्नेदेखि नेपालका सेना प्रमुखलाई मानार्थ भारतीय सेनाको जनरलको उपाधिसम्मले स्वत विभूषित हुने व्यवस्था छ । भारतीय सेनामा थुप्रै नेपालीले उच्च स्तरको सेवा प्रदान गरि आएका छन् । दुवै देशका नागरिक राहदानीबिना नै दुवै देशमा आवागमन गर्ने, बसोबास गर्ने र रोजगारीसमेत प्राप्त गरिरहेका छन् ।

**बाँकी पृष्ठ १० मा**

अन्तरवार्ता

# मधेशी दलको बिचमा एकता हुनु बाहेक अर्को कुनै विकल्प छैन



**लक्ष्मण लाल कर्ण**
उपाध्यक्ष, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका उपाध्यक्ष लक्ष्मण लाल कर्ण लामो समयदेखि मधेश राजनीतिमा सक्रिय हुनुहुन्छ। उहाँलाई मधेशको राजनीतिमा मात्र होइन, देशकै राजनीतिमा उहाँलाई बौद्धिक नेताको रुपमा चिनिन्छ। उहाँले कानुन निर्माणदेखि अन्य नीति निर्माणमा गरेको सहयोगलाई मधेशी नेताहरुले अन्य दलका नेताहरुले पनि उहाँको प्रशंसा गरिरहनु हुन्छ। संविधान निर्माणको क्रममा उहाँलाई विभिन्न समिति तथा कार्यदलमा राखेर सहयोग र सुझाव लिने काम गरेका थिए। तसर्थ राज्यको नीति निर्माण तहमा सहयोग र सुझाव दिनेमा उहाँको योगदान छ भने कुरा कसैले नकार्न सक्दैन। गजेन्द्रनारायण सिंह निधनपछि नेपाल सद्भावना पार्टीको अध्यक्ष बद्री मण्डल हुनुभएको थियो। तर उहाँ अध्यक्ष पदबाट हटेपछि लक्ष्मणलाल कर्ण अध्यक्ष बन्नुभएको थियो। उहाँ अध्यक्ष बनेपछि फुटेका सद्भावनाहरुलाई जोड्ने काम गर्नुभयो। पछि पार्टी एकताहरुमा उहाँले त्याग देखाएर तल्लो तहमा बसेर मधेशको राजनीतिमा रमाउनुभयो। अहिले पनि लोसपाको उपाध्यक्ष भएर राजनीतिमा सक्रिय हुनुहुन्छ। प्रस्तुत छ, उहाँले बुझेका राजनीति र नेपालको अगामी राजनीतिको कार्यदिशा लगायतका विषयमा सहारा टाइम्सले गरेको कुराकानीको सम्पादीत अंशः

**जसपा नेपालबाट अलग भएर लोसपा नेपाल गठन भएपछि तपाई राजनीतिमा निस्कृय जस्तै हुनुभएको थियो अहिले फेरि गतिविधिमा देखिनु भएको छ बिचमा कहाँ हराउनु भएको थियो ?**

म राजनीतिमा निस्कृय वा हराएको थिइनन्। म पार्टीको सम्पर्कमै थिए। आवश्यक परेको बेला पार्टीले बोलाएको बैठकहरुमा उपस्थित हुन्थे। चुनाव सकेपछि केही घरायसी कामका साथै अस्वस्थ्य पनि भएको थिए। त्यही भएर राजनीति गतिविधिमा त्यति सक्रियता नदेख्नु भएको होला। अर्को कुरा, चुनाव सकेपछि पार्टीका गतिविधिहरु पनि खासै भएन। पार्टीका अध्यक्ष महन्थ ठाकुरले केन्द्रीय समितिहरु घोषणा गर्नुभयो। अरु समितिहरु पनि बनाउनु भयो। आवश्यक परेको बेलामा उहाँले राय, सल्लाह सुझाव लिँदा दिन्थे, सुझाव नमागेको बारेमा चासै पनि लिदैन्थे। अध्यक्षज्यु आफ्नो तरिकाले पार्टी सञ्चालन गरिरहनु भएको थियो। न त्यसमा असहमति थियो न सहमति। अध्यक्षले विधान अनुसार पाएका अधिकार अनुसार आफ्नो काम अगाडि बढाइ रहनु भयो। कुनै पनि पार्टी गतिशिल भए मात्र त्यसका नेताहरु गतिशिल हुन्छन्। पार्टीलाई गतिशिल बनाउनका लागि त्यो अनुसारका कार्यक्रम पनि बनाउनुपर्छ। पार्टीलाई गतिशिल बनाउने खालका कार्यक्रमहरु थिएन अनि किन काठमाडौंमा निस्कृय भएर बस्ने भनि म अधिकाँश समय वीरगञ्जमै बस्न थालेपछि राजनीतिक गतिविधिमा नदेखिएको हो अरु केही छैन।

**तपाईका पार्टीका अध्यक्ष महन्थ ठाकुरले केन्द्रीय समिति बनाउँदा त पार्टी नै विभाजन हुने अवस्था आयो यस्ता किन भयो ?**

मधेश केन्द्रीत दलहरुको यो पुरानै रोग हो। अलिकति केही हुँदैमा पार्टी छाड्ने विद्रोह गर्ने यो रोग पुरानै हो। मलाई यसमा कुनै आश्चर्य लागेन। अध्यक्ष ठाकुरजीले केन्द्रीय समिति विस्तार गर्दा मलाई पनि चित्त बुझेको थिएन। समावेशी, भुगोल, क्षेत्र मिलेको थिएन। पार्टीभित्र धेरैलाई चित्त बुझेको थिएन। चित्त नबुझेको कुरामा छलफल गर्न सकिन्छ। पार्टीमा बहस चलाउन सकिन्छ। त्यसका लागि संघर्ष गर्नुपर्छ। पार्टी नै छाडेर जानु हुँदैन। पार्टी छोड्नु पार्टी फोड्नुलाई मधेशी जनताले रुचाइ रहेको छैन। राजेन्द्रजीलाई जे कुरामा चित्त बुझेको थिएन त्यो कुरामा पार्टीका नेतृत्वले कुरा गर्न तयार हुनुहुन्थ्यो। उहाँले पटक पटक केही त्रुटी भएका छन् भने त्यसलाई सुधार गर्न सकिन्छ भन्नुभएको थियो। तर त्यो कुराको पनि ख्याल नगरिकन उहाँ जानुभयो। उहाँ छुट्टै पार्टी बनाउनु भएको छ। उहाँले राम्रो गरोस् भनि शुभकामना छ तर मैले मधेशको मुड बुझ्दा दल विभाजनको पक्षमा कोही पनि छैन। बरु एकताका लागि दबाब दिइरहेका छन्।

**मधेशमा राजनीति दल टुट्ने गरेको कुरामा तपाई भुक्तभोगी हुनुहुन्छ। तपाईले यस्ता धेरै टुटफुट देख्नु भएको छ, मधेशका दलहरु किन यसरी पटक पटक फुट्छन् त ?**

मधेशका जनता जस्तै त्यहाँका दलहरु पनि शोषित, पिडित छन्। शोषित पिडित जहिले पनि कमजोर हुन्छन्। जो कमजोर हुन्छ त्यो चाँडै टुट्छ। र, त्यस्तालाई टुटाउन सजिलो हुन्छ। शोषित, पिडित र कमजोर भएका कारणले सानो सानो लोभ, लालचमा फस्छन्। लोभ लालचमा फँस्दा त्यसको नतिजाको बारेमा ख्याल गरेका हुँदैनन् र फुटको शिकार हुन्छ। मधेशी नेतामा जति पद लोलुप्ता देखिन्छ त्यो अनुसारको त्यागको भावना देखिदैन। मधेशी नेताहरुमा त्यागको भावना थोरै पनि देखिएको भए सायद मधेशको यो अवस्था हुने थिएन। अरु अध्यक्ष भए म किन नहुने, अरु महासचिव भए म चाहि किन नहुने, फलानाका व्यक्ति कार्यसमितिमा परे मेरो किन परेन जुन सोच नेताहरुमा देखिन्छ त्यो नै पार्टी कमजोर हुनुको कारक हो। संगठनमा रहे पछि पद र प्रतिष्ठा चाहिन्छ। जिम्मेवारी पनि चाहिन्छ तर त्यो नै नभएपछि पार्टी फोड्ने, पार्टी छाड्ने काम चाही राम्रो होइन। कहिले काही त्याग पनि देखाउनु पर्छ। मधेश नेताहरुले त्याग नदेखाएको कारण मधेशको शक्ति टुक्रा टुक्रा भएको हो। यो अवस्थामा पनि मधेशी जनता चाहन्छ कि मधेशी दलहरु एक ठाउँमा रहोस्। एउटा शक्ति बनेर रहोस्। त्यसका लागि उनीहरुले पटक पटक आह्वान पनि गरेका छन्। एक भएर आउनुस् पनि भनि रहेका छन्।

**२०६३-६४ को आन्दोलनबाट मधेशवादी दलहरु ठूलो शक्तिको रुपमा उदाएको थियो तर बिस्तारै निकै कमजोर भए, यस्तो हुन्छ भनि तपाईले कल्पना गर्नुभएको थियो ?**

राजनीतिक दलको रवैया हेर्दा यस्तो हुन्छ भनि पहिलादेखि नै लागि रहेको थियो किनभने नेता उही हुन्। पार्टी पनि उही हुन्। भुगोल पनि उही हो। थाह नपाउने कुरा केही पनि छैन तर यो स्तरसम्म जान्छ भनि मलाई लागेको थिएन। राजनीतिमा उतार चढाव हुनु स्वभाविक हो तर मधेशको साथ जे भयो, या जे भइरहेका छन् त्यो मलाई अस्वभाविक लागि रहेको छ। यसको असर कहाँ कहाँ गर्छन् त्यो कुरा मलाई थाह छैन। मधेशलाई कमजोर बनाएर तहस नहस बनाउन ठूलै शक्ति लागेको छ। त्यसको संकेतहरु देखिन थालेका छन्। मधेशवादी दलका नेताहरु त्यही शक्तिको पासोमा परेर पार्टी विभाजनसम्मका हरकत गर्न थाल्नु भएको छ। सत्ताधारी शक्तिको त्यसमा जोडबल र लगानी देखिन्छ। सत्ताधारी दलहरुले मधेशका दलहरु शक्तिशाली होस् भनि कहिले चाहेनन्। विभिन्न प्रकारका लोभलालच दिएर एक ठाउँमा रहेका मधेशी दललाई विभक्त गरेर राखेका छन्। लोभ सत्ताका लागि मात्र हुँदैन। लोभ त जस्तासुकै पनि हुनसक्छ। सांसद नहुने नेताहरुले पनि पार्टी विभाजन गरेका छन्। उनीहरु पनि कुनै नकुनै प्रलोभनमा परेर गरेका होला नि। मधेशका पार्टी फुटको विस्तृत अध्ययन गर्नुभयो भने हरेक फुटले कसैलाई न कसैलाई फाइदा भएको देखिन्छ। पार्टी फुट्ने बित्तिकै मन्त्री बन्नु कसको भाग्यमा लेखेर आएको हुन्छ र ? पार्टी फुट्ने बित्तिकै कुनै नेताको धनराशीमा एक्कासी वृद्धि हुन्छ त्यो कहाँबाट झरेका हुन्छन् ? कतिपय नेता त पार्टी विभाजनलाई व्यवसाय जस्तै बनाएका थिए एक समय। अहिले ती नेताहरु राजनीति दृश्यमा कतै देखिएका छैनन्। मधेश कमजोर हुनुमा दलका नेताहरु नै दोषी हुन् जस्तो मलाई लाग्छ।

**मधेशी दल कमजोर बनाउनमा शक्ति केन्द्र लागेको भन्नुभयो, के यसमा पार्टीका अध्यक्षको कुनै दोष छैन त ?**

पार्टीका अध्यक्षहरु त झन आफैलाई सर्वेसर्वा ठान्नुहुन्छ। आफूबाहेक पनि पार्टीमा अरु कोही नेता छन् भन्ने उहाँहरुलाई लागेको छ जस्तो मलाई लाग्दैन। अध्यक्षहरुको कार्यशैलीबाट कतिपय नेताहरु आजित भएर पार्टी छाडेर हिडेको देखिन्छ। ती शक्ति केन्द्रहरुले पनि पार्टी भित्रका गतिविधि देखेर नै चलखेल गरेका हुन्छन्, नेताहरुमाथि लगानी गरेका हुन्छन्। यदि सत्ताधारी दल वा सरकारले चाहे भने कुनै पनि दल फुट्दैन। जुन जुन पार्टी विभाजन भएका छन् ती सबैमा सरकारको प्रत्यक्ष र अप्रत्यक्ष सहयोग रहेको प्रष्ट देख्न सकिन्छ। पछिल्लो समय जसपा नेपाल विभाजन हुँदा अध्यक्ष प्रचण्डले खुलम् खुल्ला भन्नुभयो कि जसपा नेपालाई फुटाइयो। नेपाल नै एउटा यस्तो देश हो जहाँ अरुको पार्टी फुटाउनका लागि सरकारले सजिलो बनाउन अध्यादेशबाट कानुन बनाइ दिन्छ। निर्वाचन आयोगले एक घण्टामा पार्टी दर्ता गर्दिन्छ। संसद सचिवालयमा गएको उजुरीलाई मिनटमै कार्यान्वयमा ल्याइ दिन्छ। पार्टी फुटाउनका लागि प्रधानमन्त्रीस्तरबाट अपहरणसम्मको काम हुन्छ। यस्तो नेपालमा मात्र देखिएको छ। पार्टीको नेतृत्वमा बसेकाहरुको कमजोरी छैन भनि म भन्दिन् तर त्यो कमिकमजोरीको फाइदा अरुले लिइरहेका छन् त्यो कुरा पनि हामीले बुझ्नु पर्ने हो।

**मधेशको यस्तो अवस्था हुनुमा मधेशी नेता नै दोषी हुनुहुन्छ भन्नुभयो, यसमा तपाई कति दोषी हुनुहुन्छ ?**

म पनि दोषी हुँ। तर कति दोषी हुँ र केमा दोषी हुँ भन्ने कुरा मुख्य हो। केही नकेही कमि कमजोरी सबैमा हुन्छन्। केही कमजोरी ममा पक्कै होला। तर म दाबाको साथ भन्नसक्छु कि पार्टी विभाजनको पक्षमा म कहिले पनि थिइनन्। यतिका पार्टी विभाजन भयो तर आजसम्म म कसैलाई सहयोग गरेको छैन। तपाई पार्टी विभाजनको शृङ्खलालाई हेर्नुस्, पार्टी विभाजन हुँदा म कहिले पनि मुल पार्टी छाडेर फुटेको पार्टीमा कहिले गएको छैन। पार्टीमा कुनै विवाद छ, अन्तरद्वन्द छ भने त्यही मिल्नुपर्छ भनि मैले जहिले पहल गर्थे। गजेन्द्रनाराण सिंह पार्टीको अध्यक्ष हुँदा म उपाध्यक्ष थिए। उहाँको निधनपछि पार्टी विभाजन भयो। म विभाजन भएर गएको पार्टीमा गइनन्। मलाई त्यतिबेला अनेकथरीको आरोप लागेको थियो। राजावादीको आरोप समेत ममाथि लगाइएको थियो। बरु पछि म फुटेको पार्टीलाई मिलाउने काम गरे तर एकताको विरुद्धमा म कहिले पनि गइनन्। एकपटक श्यामसुन्दर गुप्ताले सत्ता शक्तिको आडमा पार्टी कब्जा गर्न खोज्नुभयो। आफ्नो पक्षमा राख्नका लागि मलाई र अनिल जीलाई अपहरण पनि गर्नुभयो। त्यतिबेला मात्र म उहाँलाई छाडेर म राजेन्द्र महतोलाई साथ दिएका थिए र त्यतिबेला नेपाल सद्भावना पार्टीबाट अलग भएर सद्भावना पार्टी गठन गरिएको थियो। त्यसपछि एकीकरण भएर राजपा बन्यो। राजपाले उपेन्द्र यादवको पार्टीसँग एकीकरण गरेर जसपा बनायो। त्यहाँ कुरा नमिलेपछि हामी जो जो गएका थियौं त्यहाँबाट निस्कियौं। अर्थात म मुल पार्टीलाई कहिले छाडेको छैन।

**मधेश शक्ति पुनः पुरानै अवस्थामा फर्किने सम्भावना छ कि छैन ?**

-छ नि किन छैन। मधेशवादी दलको बिचमा एकता हुनु आवश्यक छ। एकता नभए पनि मोर्चा वा गठबन्धन बनाउनुपर्छ। एउटै मुद्दा र एउटै एजेण्डा भएका दलहरु अलग अलग भएर लड्नु भन्दा एकसाथ लड्ने अवस्था सृजना गर्नुपर्छ। मधेशका जनताले पनि एकता र सहकार्यका लागि दबाव दिइरहेको छ। हामी मधेशमा जाँदा त्यहाँका जनताले तपाईहरु मिलेर आउनुस् भन्ने गरेका छन्। विगतमा एकता भएकै हो। मोर्चाबन्दी गरेर संयुक्त रुपमा आन्दोलन गरेर एकखालको उपलब्धी हासिल गरेकै हो। अहिले पनि केही बिग्रेको छैन। मधेशका सम्पूर्ण शक्ति एउटा मञ्चमा आउने बित्तिकै एउटा सन्देश जान्छ। मधेशी दलबिच एकता वा मोर्चाबन्दी हुनुभन्दा अर्को कुनै बिकल्प छैन।

# हिन्दी सिनेमामा म

- सन् १९५० र १९६० को दशकमा, जब बलिउडमा रो मान्टिक फिल्महरू अस्तित्वमा आए, महिला पात्रहरूको इच्छा र भावनाहरूलाई बढी महत्व दिन थाल्यो । यद्यपी, यी इच्छाहरू प्रायः नायकसँग जोडिएका थिए र एक स्टिरि योटाइपिकल तरिकामा देखाइएका थिए

- हिन्दी सिनेमाले यस्ता नायिकाहरुलाई ल्यायो कि यतिका हुन्थ्यो भनि कसैले कल्पना पनि गरेका थिएनन् । यो प्रयास कुनै एक व्यक्तिको होइन, समुहको हो, यो सिङ्गो सिने मा समाजको हो र समाजमा भइरहेको परिवर्तनको प्रभाव हो

- सन् १९९० पछि, आर्थिक उदारीकरण र विश्वव्यापीकरणको प्रभावले भारतीय समाजमा आधुनिकताका तत्वहरू थप्यो । यसको असर सिनेमामा पनि परेको छ । यस समयमा, महिला कामुकता र तिनीहरूका इच्छाहरू स्वतन्त्र रूपमा व्यक्त गर्न थाल



सिनेमा सदियौंदेखि आममानिसहरूसँग सञ्चारको बलियो माध्यम भएको छ । सिनेमाले मानिसलाई मनोरञ्जन मात्र होइन, त्यसले सामाजिक परिवर्तन देखि लिएर अन्य निषेधित विषयहरूमा पनि कुराकानी सुरु गर्ने मद्दत गर्न सक्छ । सिनेमामा एउटा मात्र विषय हुँदैन अनेक विषयवस्तुलाई केन्द्र बनाएर मानिसलाई मनोरञ्जनदेखि लिएर कुनै नकुनै सन्देश दिएका हुन्छन् । सिनेमाले समाजमा ल्याएको परिवर्तनका थुप्रै उदाहरणहरु छन् । सिनेमाले समाजमा नकारात्मक, सकारात्मक दुवै सन्देश दिएका छन् ।

त्यसमध्ये हिन्दी सिनेमाले भारतमा मात्र होइन, विश्वमै आफ्नो सन्देश छाड्न सफल भएको छ । हिन्दी सिनेमाले विभिन्न विषयवस्तुमध्ये 'यौनिकता' लाई पनि बेच्ने गरेका छन् । यौनिकतालाई विषयवस्तु बनाएर हिन्दी अर्थात बलिउडमा थुप्रै फिल्म बनेका छन् । पछिल्लो समय हिन्दी सिनेमामा यौनिकतालाई यसरी पस्किरहेका छन् जो अहिलेको समाजले अझै त्यसलाई पचाउन सकिरहेको छैन ।

भारतीय सिनेमाको इतिहास महिलाको कामुकता र इच्छाहरूको चित्रणमा धेरै विविध र जटिल रहेको छ । प्रारम्भिक बलिउड फिल्महरूले महिलाहरूलाई शारीरिक रूपमा 'दोषरहित र आदर्श' रूपमा प्रस्तुत गरे पनि आधुनिक सिनेमाले महिलाहरूको इच्छा र कामुकतालाई स्वतन्त्रता र साहसका साथ देखाउने प्रयास गरेको देखिन्छ । हिन्दी सिनेमामा जुन महिलालाई सीता, सावित्रीको रुपमा प्रस्तुत गर्‍यो, आज त्यही महिलालाई मेनका, कामख्याको रुपमा प्रस्तुत गरिरहेका छन् ।

सामाजिक संरचना, सांस्कृतिक मान्यता र सेन्सरशिपको प्रभावमा समयसँगै महिलाको कामुकताको चित्रण विकसित भएको छ । यौनमुक्तिको लागि १९६० मा एक सामाजिक आन्दोलन सुरु भएको थियो । जसले संयुक्तराज्य मा कामुकता र यौन सम्बन्धसंग सम्बन्धित व्यवहारको मापदण्डहरुलाई चुनौती दियो । यो आन्दोलन स्वतन्त्र रूपमा 'यौन आवश्यकताहरू' पूरा गर्ने अपराध वा न्याय हटाउनको लागि सिर्जना गरिएको हो । यसले तपाईंलाई कुनै पनि सामाजिक, राजनीतिक, चिकित्सा वा सांस्कृतिक उत्पीडनबिना, तपाईं जसलाई चाहानुहुन्छ, जब चाहानुहुन्छ र कसरी चाहानुहुन्छ, कानुनी रूपमा बाँच्ने र प्रेम गर्ने अधिकार दिन्छ ।

## यौन स्वतन्त्रता

यो मानव कामुकता निर्धारण वा कानुन बनाउन सकिँदैन भन्ने विश्वासबाट आउँछ । यो पूर्णतया प्राकृतिक र आधारभूत भावना हो । हाम्रो कामुकता प्रायः सामाजिक रीतिरिवाज, मान्यता र परम्पराको बोझमा दबिन्छ । वास्तवमा, यौन स्वतन्त्रतालाई ध्यान र मान्यता चाहिन्छ । जब हामीले यौन स्वतन्त्रतालाई अंगाल्छौं, हामी कुनै पनि व्यक्तिको मानव अधिकारलाई दर्जा दिन्छौं । तब मात्र हामी प्रत्येक व्यक्तिको अद्वितीय व्यक्तित्वलाई साँच्चै स्वीकार गर्न, संरक्षण गर्न र अँगाल्न सक्छौं ।

भारतीय सिनेमा सधैं समाजको प्रतिबिम्ब प्रस्तुत गरिएको हुन्छ । तर  लामो समयदेखि महिलाको कामुकताको चित्रणमा सतही वा स्टेरियोटिपिकल दृष्टिकोण अपनाएको देखिन्छ । पछिल्ला केही दशकहरूमा बलिउडले महिलाको कामुकतालाई नयाँ र विविध दृष्टिकोणबाट देखाउने प्रयास गरेको पनि देखिन्छ । सन् १९३० र १९४० को दशकमा, भारतीय सिनेमामा महिला पात्रहरूलाई अक्सर ' निर्दोष, परिवार-उन्मुख र निर्दोष' को रूपमा देखाइएको थियो । चलचित्रहरूमा महिलाहरूको मुख्य उद्देश्य परम्परागत घरेलु भूमिकाहरू पूरा गर्नु थियो, र तिनीहरूको शारीरिक इच्छाहरूको कुनै स्पष्ट उल्लेख थिएन । यस अवधिमा महिलाको कामुकता र चाहनालाई धेरै सीमित र परम्परागत रूपमा देखाइएको थियो ।

महिला पात्रहरूलाई सामान्यतया त्याग र पवित्रताको प्रतीकको रूपमा देखाइन्थ्यो । उदाहरणका लागि 'आवारा' (१९५१) र 'मदर इन्डिया' (१९५७) जस्ता फिल्महरूमा हिरोइनहरू आदर्श भारतीय महिलाको रूपमा देखा परिन् । तिनीहरूको इच्छा र कामुकता समाजको मापदण्डहरूमा हावी थियो । यस अवधिमा महिला पात्रहरूको लागि लगभग कुनै आत्मनिर्णय थिएन । महिलाको कामुकताको वरिपरि बलिउडका लोकप्रिय कथाहरू प्रायः पुरुष दृष्टिकोणमा आधारित हुन्छन् वा महिलाको कामुकता आदर्श रूपमा कस्तो हुनुपर्छ भनि देखाइएको हुन्छ जसले पुरुषहरूको समस्याग्रस्त मनोवृत्तिमा पनि प्रश्न उठाउँछ । सिनेमामा लेखिएका पात्रहरू सामान्यतया हाम्रो पितृसत्तात्मक मूल्यमान्यतालाई ध्यानमा राखेर निर्माण गरिएका हुन्छ, त्यही भएर महिलाको कामुक्तामा पुरुषको मनोवृति झल्किन्छ ।

## यौनिकताको पहिचान

सन् १९५० र १९६० को दशकमा, जब बलिउडमा रोमान्टिक फिल्महरू अस्तित्वमा आए, महिला पात्रहरूको इच्छा र भावनाहरूलाई बढी महत्व दिन थाल्यो । यद्यपी, यी इच्छाहरू प्रायः नायकसँग जोडिएका थिए र एक स्टिरियोटाइपिकल तरिकामा देखाइएका थिए । हिन्दी सिनेमामा महिलाहरु अहिले शारीरिक आकर्षण र प्रेममा फसेका छन् जस्तो देखिन्छ जसले कामुकताको प्रदर्शन गरिरहेका छन् । तर, महिलाको ती कामुकतालाई उनीहरूको एजेन्सीमा पहिचान गरिएको थिएन । चलचित्रमा प्रेम, विवाह



र परिवारको अवधारणालाई बढी महत्व दिइएको थियो । तर, 'अर्थ' (१९८२) जस्ता फिल्मले महिलाको भित्री चाहना र उनीहरुको संघर्षको खुलेर कुरा गर्छ । तर 'सत्यम शिवम् सुन्दरम' (१९७८) र 'इन्साफ का तराजु' (१९८०) जस्ता फिल्महरूले महिलाको यौनिकतालाई ग्ल्यामर र शोषणबीच सन्तुलनमा राख्ने प्रयास जारी राख्यो ।

शताब्दीयौंदेखि बलिउडमा महिलाहरूलाई दिइने स्टिरियोटिपिकल भूमिकाहरू पितृसत्तात्मक समाजका पुरुषहरूको 'फ्यान्टसी' हुन्, जसलाई फिल्ममार्फत समाजको मूलधारको हिस्सा बनाइयो । सामान्यतया यी कल्पनाहरू यसरी पूरा हुन्छन् कि महिलाहरूले पनि यी कल्पनाहरूलाई आन्तरिक रूप दिन्छन् र उनीहरूलाई पितृसत्तात्मक संरचनाले उनीहरूमाथि थोपेको ठान्दैनन् । सिनेमा र काल्पनिकबीच सधैं तालमेल रहेको छ । यी एकअर्काका पूरक हुन् र एकअर्कालाई बढाउँछन् । मुख्यतया पितृसत्तात्मक परिप्रेक्ष्यबाट सिनेमामा यौन इच्छा र नजरलाई चित्रण र कल्पना गरिएको हुनाले, बलिउडमा महिलाको चाहनाको चित्रण ऐतिहासिक रूपमा चुनौतीपूर्ण रहेको छ ।

## सिनेमामा महिला

हिन्दी सिनेमाले यस्ता नायिकाहरुलाई ल्यायो कि यतिका हुन्थ्यो भनि कसैले कल्पना पनि गरेका थिएनन् । यो प्रयास कुनै एक व्यक्तिको होइन, समुहको हो, यो सिङ्गो

# महिलाको यौनिकता



सिनेमा समाजको हो र समाजमा भइरहेको परिवर्तनको प्रभाव हो। समाजका हरेक क्षेत्रमा महिलाको सक्रियता, संख्या र सहभागिता तीब्र गतिमा बढ्दै गएको छ, कर्पोरेट, साहित्य, धर्म, फेसन, राजनीति, चलचित्र आदि क्षेत्रमा महिलाको योगदान बढेको छ।

ज्ञान, अभिनय आदि आफ्नो योगदानले मानिसहरूलाई चकित पारेको छ। हिन्दी सिनेमामा हिरोइनले खासै भूमिका खेल्दैनन् भन्ने समाजको मान्यतालाई सिनेमाले मेटाएको छ र महिला सशक्तिकरणमा आधारित धेरै फिल्महरू निर्माण भएका छन्। जसमा नायिका र वास्तविक नारीलाई चित्रण गरिएको छ।

हिन्दी सिनेमाको इतिहासबाट सुरु गर्ने हो भने सन् १९१३ मा दादासाहेब फाल्केले बनाएको पहिलो भारतीय फिल्म 'राजा हरिश्चन्द्र' लाई नै लिने हो भने यो फिल्मको मुख्य पात्र रानी तारामती हुन् जो उच्च आदर्श, भक्ति र भक्तिको व्यक्तित्व हुन्। बलिदानको मूर्ति पीडा खोज्ने र माया गर्ने आमाको प्रतिमा हो। वास्तवमा, प्रारम्भिक भारतीय फिल्महरूमा, उनी त्यागको अवतार, विश्वासकी देवी, उच्च आदर्शहरू पहिचान गर्ने व्यक्ति, आफ्नो पतिप्रति समर्पित थिइन्।

पछि 'मदर इन्डिया', 'लेडी टीचर' (१९२२), 'नर्तकी तारा' (१९२२), 'बाल विधवा' (१९२५), 'टाइपिस्ट गर्ल' (१९२६), 'अनारकली' (१९२८), 'आर्य महिला' 'बहादुर बेटी' (१९२८), 'बहादुर बेटी' (१९३१), 'अंजद अबला' (१९३३) जस्ता फिल्मले हिन्दी सिनेमामा महिलाहरुको लागि फरक रेखा कोरेका थिए। महिलाको मानवीय र यथार्थपरक छवि प्रस्तुत गर्न यी चलचित्रको भूमिका अतुलनीय छ। सन् १९४० मा बनेको फिल्म 'औरत' को कुरा गर्ने हो भने यो फिल्मले महिलाको स्वायत्त र आत्मनिर्भरको छवि देखाएको छ।

योसँगै चलचित्र 'क्लोज-अप' मा कैद गरिएको यसले महिला छविको सशक्तिकरणको महत्वपूर्ण संकेत पनि दिन्छ। 'भूमिका' (श्याम बेनेगल), 'सुबाह' (जब्बार पटेल), 'बंजार' (सागर सरहदी) र 'मासूम' (शेखर कपुर), मण्डी, अभिमान, गाईड जस्ता फिल्ममार्फत हिन्दी सिनेमामा महिलाको स्वतन्त्र छवि निर्माण भएको थियो। त्यस अवधिका फिल्महरूमा 'मदर इन्डिया' महत्त्वपूर्ण छ। यो फिल्ममा देखाइएको छ कि भारतको अस्तित्वका सबै आयामहरू छन्। यी सबैको पछाडि महिलाको ठूलो सङ्घर्ष छ।

त्यसैगरी चलचित्र 'गाइड'मा महिलाभित्र लुकेको रचनात्मक प्रतिभाको विद्रोह छ। गुलजारद्वारा निर्देशित फिल्म 'नमकीन' मा महिलाको एक फराकिलो संसार छ, जो पछाडि छोडिए पनि, पूर्ण शक्ति र निडरतासंग एक विडंबनापूर्ण जीवन जिउने; तर बोर गरेको छैन। 'आँधी' फिल्ममा एउटी महिला सत्तामा प्रत्यक्ष सहभागी बनेर राजनीतिमा पुरुष बर्चस्वको मिथक तोड्दै देखिएकी छन्। त्यसैगरी, चर्चित लेखिका महाश्वेता देवीद्वारा लेखिएको उपन्यास 'हजार चौरासी की माँ'मा आधारित सोही नामको फिल्म पनि चर्चामा छ। यसमा नक्सलबारी आन्दोलनमा भाग लिने सशक्त महिलाको चरित्र छ, जो सबै यातनाका बाबजुद पनि टुट्दैनन्।

## आर्थिक उदारीकरण

सन् १९९० पछि, आर्थिक उदारीकरण र विश्वव्यापीकरणको प्रभावले भारतीय समाजमा आधुनिकताका तत्वहरू थप्यो। यसको असर सिनेमामा पनि परेको छ। यस समयमा, महिला कामुकता र तिनीहरूका इच्छाहरू स्वतन्त्र रूपमा व्यक्त गर्न थाले। जस्तै, 'फायर' (१९९६) ले पहिलो पटक सिनेमामा समलैंगिक सम्बन्धलाई मुख्य प्रवाहमा ल्यायो, जुन त्यस समयमा धेरै विवादास्पद थियो। यो भारतीय सिनेमामा ग्ल्यामर र कमर्शियल फिल्महरूको समय पनि थियो। महिलाको कामुकतालाई कहिलेकाहीँ खुल्ला रूपमा चित्रण गरिएको थियो, तर यो प्रायः पुरुष दर्शकहरूलाई आकर्षित गर्न प्रयोग गरिएको थियो। फिल्म 'हम आपके है कौन' (१९९४) मा माधुरी दीक्षितको चरित्रले परम्परा र आधुनिकताबीच सन्तुलन देखाएको छ भने 'दिल से' (१९९८) मा मनिषा कोइरालाको चरित्र उनको व्यक्तिगत र रोमान्टिक झल्काउँछ।

तर सन् २००० ले महिला क्यारेक्टरहरूलाई ठूलो एजेन्सी र जटिलता प्रदान गर्‍यो। 'क्वीन' (२०१४) जस्ता फिल्ममा महिलाहरूलाई निर्णयकर्ता, स्वतन्त्र र आत्मनिर्भरका रूपमा देखाइएको थियो। त्यसैगरी 'लज्जा' (२००१) र 'पार्चर्ड' (२०१५) जस्ता चलचित्रले महिलाको यौनिकता र समाजको प्रतिबन्धमाथि प्रश्न उठाएका थिए। अदिति अस्तित्व (२०००) मा एक जटिल पात्र हो, जसले आफ्नो विवाहबाट यौन असन्तुष्ट गृहिणीको भूमिका निर्वाह गर्छ। जहाँ 'द डर्टी पिक्चर' (२०११) मा विद्या बालनले महिलाको यौन शोषण र यौन शोषणलाई देखाउँछिन्। यो चलचित्रले समाजमा महिलाको यौनिकतालाई लिएर भइरहेको पाखण्डलाई चुनौती दिने मात्र नभएर उनीहरुको अधिकारको कुरा पनि गरेको छ।

जहाँ 'गहराईं' (२०२२) मा दीपिका पादुकोणको चरित्रले आफ्नो यौन चाहना र भावनात्मक जटिलतालाई खुलेर व्यक्त गरेको छ। 'लस्ट स्टोरीज' (२०१८) र 'मेड इन हेभ' (२०१९) जस्ता वेब सिरिजले महिलाको यौन इच्छालाई यथार्थको नजिक देखाउन खोजेका छन्। फिल्म 'शीर कोर्मा' (२०२१) ले लेस्बियन सम्बन्धहरूलाई संवेदनशील रूपमा देखाएको छ। कोंकणा सेन शर्मा र अदिति राव हैदरी अभिनित 'गिली पुच्ची' ले दलित चरित्रको विलक्षण पहिचानको चित्रणका लागि ध्यान तान्यो। अजीब दास्तानमा, फातिमा सना शेखले आफूलाई यौन सन्तुष्ट नपाउने एक विचित्र पुरुषसँग विवाह गरेकी महिलाको कथामा केन्द्रित छ।

आज, बलिउड सिनेमाले कथाहरूमा महिला कल्पनालाई बोल्ड र प्रगतिशील रूपमा प्रस्तुत गर्ने प्रयास गरिरहेको छ र अधिकाँश फिल्ममा त्यस्तो देखिन्छ। कुनै फिल्ममा महिलाको भूमिका नभए पनि कहाँबाट हुन्छ खोजेर वा कुनै एउटा माहोल तयार गरि नृत्य राखेका हुन्छन्। 'फायर' देखि 'लस्ट स्टोरीज' र 'वीरे दी वेडिङ' सम्म हिन्दी फिल्ममा महिलाको कामुकताको चित्रणमा निरन्तर विकास भएको छ। पहिलाको फिल्महरुमा कामुताले पनि एउटा सन्देश दिन्थ्यो तर अहिलेका फिल्महरुमा कामुकतालाई व्यपार गर्ने उद्देश्यले प्रस्तुत गरेको पाइन्छ। दर्शक तान्नका लागि पोस्टरमा पनि त्यस्ता कामुकता दृश्यहरु राखेका हुन्छन्। अर्थात कामुकता अर्थात यौनिकताको विषय चलचित्रहरुमा एकदमै गम्भीर विषय हो तर पछिल्लो समय त्यसलाई सरलिकरण गरिसकेको छ। बडो हल्का ढंगबाट प्रस्तुत गरिएको पाइन्छ। शाहरुख खानको 'पठान' फिल्ममा बेसरम रंग गीतमा दिपिका पादुकोणलाई जसरी प्रस्तुत गरिएको छ। त्यसलाई दर्शकहरुले मनोरञ्जनको रुपमा लिएपनि त्यसलाई निकै हल्का रुपमा प्रस्तुत गरिएको छ।


बलिउड नायिका दीपिका पादुकोण एशियाको सेक्सि महिला हुन्। यो सूचीमा प्रियंका चोपडालाई पनि पछि पारेकी छिन्। तर पठानमा उनको प्रस्तुतीलाई लिएर निकै टिका टिप्पणी भयो जुसले गर्दा उनले माफी पनि मागिन्।

हिन्दी सिनेमामा यौनिकतालाई कहिले काही एकै समयमा हास्यास्पद, कहिले भ्रामक रूपमा, र कहिले काँही बर्जित विषयको रूपमा प्रस्तुत गरेका हुन्छन्। सामान्यतया कुनै पनि आदर्श हिन्दी ब्लकबस्टरको मानक सूत्र भनेको पुरुष नेतृत्वको साथमा विनम्र, बलिदान, पवित्र महिला हुन्छ। बलिउड फिल्ममा महिलाको कुनै महत्वपूर्ण भूमिका हुँदैन भन्ने आम मान्यता छ। यस्तो अवस्थामा बलिउडका लागि महिलाको इच्छा र कामुकताको बारेमा कुरा गर्नु चुनौतीपूर्ण छ। भारतीय सिनेमामा महिलाको कामुकताको चित्रण लामो र जटिल यात्रा भएको छ। सुरुमा रूढिवादी दृष्टिकोणबाट प्रस्तुत गरियो। समयसँगै आर्थिक उदारीकरण, भूमण्डलीकरण र सामाजिक परिवर्तनको प्रभावले महिलाको कामुकतालाई सिनेमामा चित्रण गर्ने तरिकामा परिवर्तन आएको छ। सन् १९९० को दशकपछि, महिलाको कामुकतालाई अझ बढी स्वतन्त्रता र एजेन्सीका साथ चित्रण गरिएको थियो, विशेष गरी समाजको प्रतिबन्ध र पितृसत्तात्मक संरचनालाई चुनौती दिने चलचित्रहरूमा। तर आज पनि महिलाहरुको कामुकता अक्सर सरलीकृत गरिदै गएको छ।

## सिमान्तकृतलाई निषेध

हिन्दी सिनेमामा सीमान्तकृत समुदाय वा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व हराइरहेको छ। जसको परिणामस्वरूप ती फिल्महरुमा वास्तविकता र जटिलताको कमी छ। बलिउडमा परिवर्तन आउन थाले पनि महिलाको कामुकतालाई पूर्ण रूपमा बुझ्न र अभिव्यक्त गर्न अझै धेरै बाधाहरू छन्। हिन्दी सिनेमाले महिलाको कामुकता र चाहनाहरूलाई अझ सत्यता र संवेदनशीलताका साथ चित्रण गर्न आवश्यक छ, ताकि यसले समाजमा समानता, स्वतन्त्रता र सम्मानलाई बढावा दिन सक्छ। यसका साथसाथै समाजले पनि यी कथाहरूलाई आर्ट सिनेमाको ढाँचामा नभई व्यावसायिक सिनेमाका रूपमा ग्रहण गर्न जरुरी छ।

*स्रोत : भारतका विभिन्न सञ्चारमाध्य*



# ८४ मा मधेशवादीहरुले एक्लै चुनाव लड्ने

काँग्रेस, एमाले, माओवादी केन्द्रले २०८४ मा एक्लै चुनाव लड्ने घोषणा गरेका छन् । स्थानीय तहको उपचुनावमा आएको मतले माओवादी केन्द्रले उत्साहित भएर एक्लै चुनाव लड्ने घोषणा गरेको छ भने एमालेले पहिलादेखि नै एक्लै चुनाव लड्ने तयारी गरिरहेको थियो । उपनिर्वाचनको नतिजा हेरेर काँग्रेसले एक्लै चुनाव लड्ने भनेको छ । मधेशवादी दल पनि के कम एक्ला एक्लै चुनाव लड्ने घोषणा गरेका छन् ।

२०६४ देखि हरेक चुनाव गठबन्धनबाट नै लडेका मधेशवादी दलले ०८४ को चुनाव एक्लै लड्ने आँट गरेका छन् । २०७९ को चुनाव एक्लै लडेको जनमत पार्टीले पुनः एक्ले लड्ने भन्दै आएको छ । जसपा नेपालले स्थानीय तहको उपनिर्वाचनमा ल्याएको मतले गर्दा उत्साहित भएर एक्लै चुनाव लड्ने नेताहरु भन्न थाल्नु भएको छ । यसअघि जसपा नेपालले कहिले पनि एक्लै चुनाव लडेको छैन ।

२०७९ को चुनावमा एमालेसँग गठबन्धन गरेर चुनाव लडेको थियो भने त्यसअघिको चुनावमा काँग्रेसलगायतका दलसँग गठबन्धन गरेको थियो । २०७० को चुनावमा कतैकतै माओवादीसँग सहकार्य गरेको थियो । २०६४ को पहिलो संविधानसभामा पनि केही सीटमा मधेश केन्द्रीत दलको बिचमा सहकार्य भएको थियो । २०७९ को निर्वाचनपछि बसेको जसपा नेपालको बैठकमा चुनाव बारे भएको समिक्षामा एक्ला एक्ले चुनाव लडेको भए यो भन्दा राम्रो परिणाम ल्याउन सकिन्थ्यो भनि निष्कर्ष निकालेको थियो । त्यहीं भएर ०८४ मा जसपा नेपाल एक्लै चुनाव लड्ने गरि तयारीमा जुटेको त्यो पार्टीका नेताहरु बताउँछन् ।

स्थानीय तहको उपनिर्वाचनमा जसपा नेपालको जुन परिणाम ल्याएको छ, त्यसले सन्तोष गर्ने ठाउँ रहेको र त्यसले नेता तथा कार्यकर्तालाई उत्साहित बनाएको बताउँदै जसपा नेपालका महासचिव रामकुमार शर्माले अहिले नै ८४ को चुनाव बारे निर्णय लिने बेला नआएको बताउनुभयो । संगठन निर्माणको लागि जसपा नेपाल लागि परेको छ । संगठन निर्माणाको कामलाई जसपा नेपालले द्रुतगतिमा अगाडि बढाएको ८४ सम्म निरन्तर चलिरहन्छ चुनाव आएपछि मात्र त्यसको बारेमा निर्णय लिने बताउँदै उहाँले आवश्यक पर्‍यो भने एक्लै पनि चुनावमा जानसकिने बताउनुभयो । चुनावको समयसम्म के परस्थिति बन्छ त्यो बेग्लै कुरा हो तर अहिलेसम्मको परस्थिति हेर्दा जसपा नेपालले एक्लै चुनाव लड्ने अवस्था रहेको उहाँले बताउनुभयो ।

जनमत पार्टीले एक्लै चुनाव लड्ने भनि २०७९ को चुनाव सकिने बित्तिकै मिसन ८४ सुरु गरेको थियो । त्यो मिसन अहिले पनि कुनै नकुनै रुपमा चलाइ रहेको छ । जनमत पार्टीका उपाध्यक्ष ईं.दीपक साहले भन्नुभयो, 'जनमत पार्टीले २०७९ को चुनाव एक्लै लडेको थियो, अगामी चुनाव पनि एक्लै लड्ने सोच बनाएको छ ।' चुनावमा कसैसँग तालमेल हुँदैन भनि जनमत पार्टीले सुरुदेखि नै नीति बनाएर हिडेको बताउँदै उहाँले त्यसका लागि पार्टीले विभिन्न कार्यक्रम गरी अगाडि बढी रहेको बताउनुभयो ।

यसअघिको ०७९ को चुनावमा काँग्रेससँग चुनावी तालमेल गरेर निर्वाचनमा भाग लिएको लोसपा नेपाल राष्ट्रिय दल बन्न सकेन । यद्यपी आउने २०८४ को चुनावमा एक्लै चुनाव आँट गरिसकेको छ । लोसपा नेपालका महासचिव मनिष मिश्रले ०८४ को चुनाव एक्लै लड्ने गरी तयारीमा जुटिसकेको बताउनुभयो । उहाँले त्यही अनुसार संगठन निर्माणको काम पनि अगाडि बढेको बताउँदै २०८१ को बैशाख २६ गते लोसपा नेपालको पहिलो महाधिवशेन हुन गइरहेको छ, त्यसको तयारीमा पार्टी लागि सकेको बताउनुभयो । कुनै दलसँग चुनावी तालमालमा अल्झिनु भन्दा एक्लै लड्ने गरी तयारी गरे भने अगाडि बढ्न सजिलो हुने उहाँले बताउनुभयो ।

संगठन निर्माणको क्रममा चुनाव एक्लै लड्न जनताले सुझाव दिइरहेको बताउँदै महाचिव मिश्रले विगतको चुनावमा गठबन्धन नबनाइ निर्वानचमा एक्लै भाग लिएको भए यो भन्दा राम्रो नतिजा आउन सक्थ्यो भनि आफूहरुको विश्लेषण रहेको बताउनुभयो । लोसपा नेपालले सदस्यता वितरण अभियान चलाई रहेको छ । सो अभियानलाई निरन्तरता दिने भएको छ । यो अभियानमा पाँच लाख सदस्यता वितरण गर्ने लक्ष्य लोसपा नेपालको छ । त्यसका लागि पाँच लाखभन्दा बढी सदस्यता रसिद जिल्ला जिल्ला पठाइ सकेका महासचिव मिश्रले दाबी गर्नुभयो ।

त्यसमध्ये हालसम्म कति वितरण भए त्यसको आधिकारिक तथ्यांक आइ नपुगेको बताउँदै उहाँले पुसको पहिलो हप्ता सचिवालयको बैठक बसेर त्यसको बारेमा छलफल गर्ने बताउनुभयो । महाधिवेशनका लागि तराई मधेशका २२ वटा जिल्लामा कार्यक्रम सञ्चालन भइरहेको बताउँदै उहाँले महाधिवेशन अघिसम्म सबै ठाउँमा अधिवेशन सम्पन्न गरिसक्ने बताउनुभयो ।

# प्रधानमन्त्री ओलीका लागि विष्णु बोझ भएपछि...

प्रधानमन्त्री केपी शर्मा ओली विगतको कार्यकालभन्दा यसपटक असफल प्रधानमन्त्रीको रुपमा दर्ज हुन गइरहनु भएको छ । सरकार बनेको झण्डै सात महिना भइसक्यो तर प्रधानमन्त्री ओलीको कामको परफोर्मेन्स राम्रो नदेखिएको गुनासो भइरहेको छ । र, प्रधानमन्त्री ओलीलाई पनि आफूले राम्रो काम गर्न नसकेको कुरा लाग्न थालेको छ । र उहाँले यसको पुरा दोष उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेललाई दिनुभएको छ । पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको कोटाबाट अर्थमन्त्री बन्नुभएका पौडेललाई प्रधानमन्त्री ओलीले रुचाइ रहनु भएको छैन । पाँचौ पटक अर्थमन्त्री बन्नुभएका पौडेलसँग यतिका अनुभव हुँदा हुँदै यसपटक राम्रो काम गर्न पाउनु भएको छैन । उहाँ अर्थमन्त्री बनेर आउनु हुन्छ भने चर्चा चलेसँग सेयरबजारमा सुधार मात्रै होइन निकै माथिसम्म पुगेको थियो तर प्रधानमन्त्री ओलीसँग सम्बन्ध बिग्रिने बित्तिकै अर्थतन्त्र नकारात्मक दिशातर्फ गइरहेको छ ।

प्रधानमन्त्री ओलीले अर्थमन्त्री पौडेलको साथमा आर्थिक सल्लाहकारको रुमपा डा.युवराज खतिवडालाई छायाँ अर्थमन्त्रीको रुपमा उभ्याइ दिनुभएको छ । यसले अर्थमन्त्री पौडेल झन गाह्रो मान्नुभएको छ । एमालेका उपाध्यक्ष समेत रहनु भएका अर्थमन्त्री पौडेललाई सल्लाहकार खतिवडाको हस्तक्षेप मन परेको छैन । त्यसले गर्दा प्रधानमन्त्री ओलीसँग उहाँको दुरी झन बढेको छ । प्रधानमन्त्री ओली र अर्थमन्त्री पौडेलबिच बोलचाल पनि छैन । कहिले काही समान्य कुराकानी भएपनि देशको अर्थमन्त्री र प्रधानमन्त्री बिच नै बोलचाल बन्द भएपछि देशको अर्थतन्त्र यस्तै हुन्छ भनि टिप्पणी हुन थालेका छन् ।

प्रधानमन्त्री ओलीले अर्थमन्त्री पौडेललाई सरकारबाट हटाउन पटक पटक प्रयास गर्नुभएको छ । तर सत्ता गठबन्धन काँग्रेस तयार भएको छैन । एकजना अर्थमन्त्रीलाई मात्र हटाएपछि राम्रो सन्देश नजाने भएपछि एक दुई जना थप मन्त्री हटाउन काँग्रेससँग प्रधानमन्त्री ओलीले पहल थाल्नुभएको थियो । एमालेबाट अर्थमन्त्री र काँग्रेसबाट गृहमन्त्री परिवर्तन गरौं भनि प्रस्ताव प्रधानमन्त्री ओलीको थियो । गृहमन्त्री रमेश लेखकलाई हटाएर त्यो ठाउँमा महामन्त्रीद्वय गगन थापा वा विश्वप्रकाश शर्मामध्ये कुनै एक जनालाई ल्याउन उहाँको प्रस्ताव थियो । तर काँग्रेसका सभापति शेरबहादुर देउवा मात्र होइन, दुवै जना महामन्त्रीमध्ये कोही पनि सरकारमा आउन तयार हुनुभएन ।

काँग्रेस पार्टी आफ्नो तर्फबाट अहिले मन्त्री परिवर्तन गर्ने पक्षमा छैन । जो छन् त्यहीबाट काम चलाउने र पछि आफ्नै नेतृत्वमा सरकार बनेपछि नयाँ मन्त्रीहरु ल्याउने सभापति देउवाको तयारी रहेको छ । काँग्रेसले मन्त्री हेरफेर गर्न सहयोग नगरेपछि एमालेका अध्यक्ष समेत रहनु भएका प्रधानमन्त्री ओली सभापति देउवाप्रति पनि असन्तुष्ट छन् । तर अर्थमन्त्री पौडेलसँग सम्बन्ध सुधार भएको छैन । सम्बन्ध यहाँसम्म बिग्रेको छ कि चीन भ्रमणमा जाँदा समेत आफ्नो भ्रमण दलमा अर्थमन्त्री पौडेलको नाम राख्नुभएन ।

बीआरआइ परियोजना अर्थमन्त्रालयसँग सम्बन्धीत कुरा हो तर प्रधानमन्त्री ओलीले अर्थमन्त्री पौडेललाई बाइपास गरेर चीनमा सम्झौता गर्नुभयो । अर्थमन्त्री पौडेलको ठाउँमा उहाँले आर्थिक सल्लाहकार खतिवडालाई राख्नुभएको थियो । यो कुरालाई लिएर अर्थमन्त्री पौडेलले निकै चित्त दुखाउनु भएको छ । अर्थमन्त्री पौडेलले प्रधानमन्त्री ओलीलाई आँट भए हटाएर देखाइ दियोस् भनि चुनौती दिनु भएको छ । काम गर्ने वतावरण नदिने, काममा हस्तक्षेप गर्नका लागि मान्छे पठाई दिने अनि काम नै भएन भनि आरोप लगाउन नपाइने भनि अर्थमन्त्री पौडेलले प्रधानमन्त्री ओलीको हस्तक्षेपको विरोध गर्दै आउनु भएको छ । यता, प्रधानमन्त्री ओली पनि अर्थमन्त्री पौडेललाई हटाउनका लागि उपायको खोजीमा लाग्नुभएको छ ।








**आँप/ केरा पकाउन कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग नगर्ने सम्वन्धी सूचना**

*सूचना प्रकाशित मिति : २०८१/०२/३२*

खाद्य नियमावली, २०२७ को नियम १९ (घ) बमोजिम कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा बिक्री वितरण गर्न निषेध गरिएको व्यहोरा सम्पूर्ण फलफूल आयातकर्ता, भण्डार तथा बिक्री वितरणमा सम्लग्न व्यवसायीलाई जानकारीका लागि सूचित गरिन्छ ।

आँप/ केरा लगायतका फलफूल खरिद गर्दा कार्टुन वा क्रेटमा माथि उल्लेखित केमिकल राखिएको देखिएमा त्यस्ता फलफूल खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा मातहतका कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ। साथै फलफूल उपभोग गर्दा सफा पानीले राम्ररी पखालेर मात्र उपभोग गर्नुहुन अनुरोध छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाडौं ।
www.dftqc.gov.np, Email: info@dftqc.gov.np
०१-५३६२४३०, ०१-५३६२३६९

# लोकप्रिय स्टारको सूचीमा तृप्ती डिमरी




आईएमडीबीले भारतको सबैभन्दा लोकप्रिय चलचित्र स्टारहरूको सूची जारी गरेको छ। सूची अनुसार तृप्ति डिमरीको नाम पहिलो स्थानमा छ। यसरी अभिनेत्रीले शाहरुख खान, दीपिका पादुकोण र आलिया भट्टलाई पनि पछाडि छाडेकी भारतीय सञ्चारमाध्यमलले जनाएको छ। आईएमडीबीको सूची अनुसार दीपिका दोस्रो स्थानमा, शाहरुख चौथो र आलिया ९औँ स्थानमा छन्। सूचीको तेस्रो स्थानमा ईशान खट्टर रहेका छन्। ऐश्वर्या राय सातौँ, सामन्था रुथ प्रभु आठौँ र प्रभास दसौँ स्थानमा छन्।

तृप्तिले यस उपलब्धिमा खुसी व्यक्त गर्दै आईएमडीबीलाई पनि धन्यवाद दिएकी छन्। इन्स्टाग्राममा एक पोस्ट सेयर गर्दै उनले लेखेकी छन्- 'यो मेरो लागि निकै अनौठो पल हो। कस्तो अचम्मको वर्ष थियो। यस सम्मानको लागि आईएमडीबीलाई धन्यवाद। मैले काम गर्ने अवसर पाएका अद्भुत व्यक्तिहरूको लागि म धेरै आभारी छु। यस वर्ष मलाई यति धेरै माया देखाउनेहरूलाई मेरो हृदयदेखि नै धन्यवाद। यो एक अविस्मरणीय वर्ष भएको छ र अझै धेरै आउन बाँकी छ!'

तृप्तिको कामको कुरा गर्दा उनी लैला मजनु र एनिमल जस्ता फिल्मका लागि चिनिन्छिन्। उनले अविनाश तिवारीसँग फिल्म लैला मजनुमा काम गरेकी थिइन्। त्यही क्रममा उनले रणवीर कपूरसँग फिल्म एनिमलमा स्क्रिन सेयर गरिन्। यो फिल्मबाट नायिकाले निकै चर्चा पाएकी थिइन्। उनी हालै फिल्म विक्की विद्या का वो भिडियो र भूल भुलैया ३ मा देखिएकी छिन्।

# रितेशको नयाँ भोजपुरी गीत



भारतीय भोजपुरी म्युजिक इन्डस्ट्रीमा आफ्नो धमाकेदार गीतले फ्यानको मनमा राज गर्ने सुपरस्टार गायक रितेश पाण्डेको नयाँ गीत 'रंगधरन के चिफ' आइसकेको छ। यस गीतमा उनको साथमा अभिनेत्री माही श्रीवास्तव देखिएकी छिन् र दुबैको जबरदस्त केमेस्ट्रीले फ्यानलाई पागल बनाएको छ।

आफ्नो नयाँ गीतको बारेमा रितेश पाण्डेले भने, 'यो गीत मेरो मनलाई निकै सन्तुष्टि देखिएको छ। यसको संगीत र शब्दले दर्शकलाई मनोरञ्जन गर्नुका साथै नृत्यमा पनि रुचाउने छ। हाम्रा दर्शकहरूले यसलाई धेरै मन पराउनेछन्।' त्यस्तै, गीतका निर्माता रत्नाकर कुमार भन्छन्, 'भोजपुरी उद्योगमा नयाँ प्रवृति कायम गर्ने उद्देश्यले यो गीत बनाइएको हो। यो गीतले भोजपुरी संगीतलाई नयाँ उचाइमा पुर्‍याउने विश्वास लिएका छौं।'

माही श्रीवास्तवले गीतको छायांकनको अनुभव साझा गर्दै भनिन्, 'रितेश जीसँग काम गर्न पाउनु सधैं राम्रो हुन्छ। यो गीतमा स्वैग र मनोरन्जनको उत्कृष्ट मिश्रण रहेको छ। दर्शकको प्रतिक्रिया देखेर हामी धेरै खुसी छौं।'




**वडा कार्यालयको अपिल**

**तपाईको स्वास्थ्य हाम्रो अठोट**

**समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं**

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा 'नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ। यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो। आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ। यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो। यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ। पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन। नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउँपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ। वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ। त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुनका लागि बीमा कार्यक्रममा सहभागी बन्नुहोस्। वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं। आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं।

***थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस्। अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा ९८१४७३०३६५ मा सम्पर्क गर्नुहोस्।***

**मधेश प्रदेश**
**औरही गाउँपालिका, सिरहा**
**औरही वडा नम्बर ५ को कार्यालय**

# यस्तो हुनुहुन्थ्यो मैले भेटन नपाएको रामनारायण मिश्र

■जेपी गुप्ता



रामनारायण मिश्रसँग भेट्ने सौभाग्य मलाई प्राप्त भएन। तर, उहाँको व्यक्तित्वको महत्व मैले एउटा आधारबाट बुझेको थिए। त्यो आधार थियो, बि.स. २०१७ सालमा राजा महेन्द्रले सैनिक कू गरेर संसदीय व्यवस्थालाई समाप्त पारेपछि तत्कालिन प्रधानमन्त्री बीपी कोईराला लगायत हजारौंका संख्यामा नेपाली काँग्रेसका नेता कार्यर्ताहरू जेलमा कोचिएका थिए। बीपी कोईराला सुन्दरीजलको सैनिक आर्सनलमा राखिनु भएको थियो। त्यहाँ बीपी कोइरालासँग गणेशमान सिंह, योगेन्द्रमान शेरचन, देवान सिंह राई, रामनारायण मिश्रलगायत ६/७ जना मात्र राखिनु भएको थियो। यो बन्दीगृह सर्वाधिक नियन्त्रित र अभेद्य थियो। बीपी कोइरालाका सर्वाधिक विश्वास पात्रहरू मात्र राखिएको थियो, यसमा बीपी कोइरालाको मन्त्रीमण्डलका रामनारायण मिश्र पर्नुले नै रामनारायण मिश्रको महत्वलाई जनाउँछ। यो मैले रामनारायण मिश्रलाई चिन्ने एक मुख्य आधार थियो।

बि.स. २०३७ सालमा नेपाल बिद्यार्थी संघको महाधिवेशन जनकपुरको गोपाल धर्मशालामा भएको थियो। यस ऐतिहासिक महाधिवेशनको उद्घाटन गर्न बीपी कोईराला जनकपुर आउनु भएको थियो। बीपी कहाँ बस्नु उपयुक्त हुनेछ भनी खोजिनीति भयो। जनकपुरमा मण्डलेहरूको बडो जगजगी थियो। हेमबहादुर मल्लको आतङ्क पनि थियो। महेन्द्र नारायण निधीको घर, लीला कोईराला (मैया दिदी) को ब्रम्हपुरीको घर आदि बिकल्पहरू थिए। तर, बीपी आफैले रामनारायण मिश्र जीको दुईतले काठको घरलाई रोज्नु भयो, त्यही उहाँलाई बसाउने व्यवस्था भयो। रामनारायण मिश्र जीको अघि नै देहावसान भइसकेको थियो। यसका बावजूद पनि बीपीले मिश्र जीको निवासमा नै बस्नु भयो।

यी पंक्तिहरू लेख्दा एउटा सम्झना पनि हुन आएको छ। बि.स. २०४८ सालमा शेरबहादुर देउवा गिरिजा प्रसाद कोईरालाको मन्त्रीमण्डलमा गृहमन्त्री हुनुभयो। शेरबहादुर देउवाको बिराटनगरको पहिलो भ्रमण तय भयो। नोना कोईरालाले बडो प्रेम तथा पारिवारिक परम्पराको आधारमा शेरबहादुर देउवा जीको बसाईको व्यवस्था कोईराला निवासमा मिलाउनु भएको थियो। तर, गृहमन्त्री शेरबहादुर देउवाले बिराटनगर रानीस्थित पूर्व क्षेत्रीय प्रहरी कार्यालयको गेष्ट हाउसलाई रोज्नु भयो। नोना कोईरालाको आत्मीय आग्रहका बावजूद पनि डिआईजीको गेष्ट हाउसमा नै बस्नु भयो। बास्तवमा देउवा जीमा शुरूदेखि नै "हुने बिरूवाको चिल्लो पात" बाला चरित्र रही आएको हो। तर, बीपी कोइराला फरक सोचको हुनुहुन्थ्यो। उहाँले रामनारायण मिश्रको घरलाई रोज्नु भएको थियो। उहाँले चोहेको भए शेरबहादुर देउवा जस्तै अरु सरकारी वा त्यस्तै सुविधा सम्पन्न ठाउँ रोज्न सक्नु हुन्थ्यो। तर त्यहाँ बस्ने इच्छा राखेर रामनारायण मिश्रको धरहरा भन्दा धेरै अग्लो व्यक्तित्वको महत्व हामीलाई बुझाउनु भयो बीपी कोइरालाले। मैले त यसरी नै बुझे र मिश्र जीलाई चिन्ने प्रयत्न गरें।

यही बेला कसैले मलाई भनेका थिए-"रामनारायण मिश्र दावाग्नि लुकाएको हिमालय हो।" मैले तत्काल यस भनाईको भावार्थ बुझिन्। बुझ्न ढिलो भयो। पछि बुझ्दै गए कि रामनारायण मिश्र एक अपराजेय, सम्झौताहीन क्रान्तिकारी हुनुहुन्थ्यो। उहाँको धमनीहरूमा हुने रक्त संचारमा आगो बहन्थ्यो। तर, बाहिरबाट मिश्र जीलाई देख्दा अत्यन्त शालिन, शौम्य र हिमालयको चमक सहितको शितलता देखिन्थ्यो।

रामनारायण मिश्रका प्रति बीपी कोईरालाको बिश्वासको तह बलियो थियो। रामनारायण मिश्र जी बीपीको मन्त्रीमण्डलमा पाँचौं बरियताको मन्त्री हुनुहुन्थ्यो। दोस्रोमा सूवर्ण शम्सेर तथा चौथों र पाचौंमा शायद गणेशमान सिंह तथा सूर्य प्रसाद उपाध्याय हुनुहुन्थ्यो। प्रम बीपी कोईराला चीन भ्रमणमा जानु हुने दिन सूवर्ण शम्शेरजी भारतमा रहनु भएको थियो। गणेशमान सिंह र सूर्य प्रसाद उपाध्याय चीनको भ्रमण दलमैं सम्मिलित हुनुहुन्थ्यो। प्रधानमन्त्री बीपी कोईरालाले आफ्नो अनुपस्थितिमा पाचौं बरियताका मन्त्री रामनारायण मिश्र जीलाई कार्यवाहक प्रधानमन्त्री तोक्नु भयो। यसले झल्किन्छ रामनारायण मिश्रप्रति बीपी कोइरालाको विश्वास।

सन् १९५० मा भारतको चाहना अनुसार बहुचर्चित तथा अद्यावधि बिवादमा रहेको "शान्ति तथा मैत्री सन्धी" भएको थियो। यसपछि नेपालको भारतसंग "व्यापार र बाणिज्य सन्धी" तथा मातृका प्रसाद कोईराला प्रधानमन्त्री भएको बेला दुबै देशका अपराधीहरूको आपसी "प्रत्यावर्तन सन्धी" भएको थियो। बिभिन्न अन्य अनदेखा कारणहरू, शायद भारतको अनिच्छाका कारणले नेपाल-भारतका बीच "व्यापार तथा पारवहन सन्धी" हुन सकेको थिएन। बीपी कोईरालाको समयमा उद्योग तथा बाणिज्य मन्त्री रहनु भएका रामनारायण मिश्र जीकै सकृयतामा यो सन्धी हुनसक्यो र इतिहासमै पहिलो पटक नेपालले भारत भई आउने ढुवानीमा पारवहनको अधिकारलाई सुरक्षित गर्यो।

अठारमहिने कार्यकालका आधारमा कुनै मन्त्रीको समग्र मूल्यांकन सम्भव छैन। तर त्यति छोटो अवधिभित्र पनि मिश्रको अग्रसरतामा व्यापार तथा पारवहन सन्धि भयो। तत्कालीन सोभियत संघको सहयोगमा नेपालको औद्योगीकरणलाई नयाँ आयाम दिने गरी वीरगन्जमा चिनी कारखाना, जनकपुरमा चुरोट कारखानालगायतको स्थापना भयो। जनकपुर चुरोट कारखाना स्थापना गर्न उहाँले आफ्नै पार्टीभित्र ठूलो संघर्ष गर्नुपर्‍यो। पदबाट राजीनामासम्म गर्नुपरेको थियो। वरिष्ठ कांग्रेसी नेता सूर्यप्रसाद उपाध्यायका शब्दमा– तत्कालीन समयमा श्री ३ जुद्धपछि लगनसाथ उद्योग विस्तार गर्ने ध्यानमा मिश्र निमग्न हुनुहुन्थ्यो। उहाँ इलम र उद्योगलाई बढाउँदै नेपाललाई आत्मनिर्भर बनाउन चाहनु भएको थियो।

उहाँ उद्योग तथा वाणिज्यमन्त्री भएका बेला नेपाल राष्ट्र बैंकका गभर्नर रहेका हिमालयशमशेर राणाले उहाँको स्मृतिग्रन्थमा लेख्नु भएको छ, 'सन् १९६० मा हस्ताक्षर गरिएको नेपाल-भारत वाणिज्य तथा पारवहन सन्धिका लागि भएको दुईपक्षीय वार्तामा भाग लिने नेपाली प्रतिनिधिमण्डलको वरिष्ठ सदस्यको भूमिका मैले निर्वाह गर्नुपरेको थियो। मन्त्री रामनारायण मिश्र र अर्थमन्त्री सुवर्णशमशेरले परामर्श गरी तयार गरेको नेपाल सरकारतर्फको अवधारणा र मागहरू मैले दृढताका साथ वार्तामा प्रस्तुत गरेको थिएँ। उता, भारततर्फका वार्ताकारहरूको आफ्नै अडान रहेको थियो। दुई दिनको वार्ताको अन्त्यसम्ममा दुवैतर्फवाट लचकता देखाइएन र नेपाल सरकारबाट आयोजित रात्रिभोजमा केही उच्च नेपाली पदाधिकारीहरूले मेरो अडानका कारण सन्धि नहुने भो भन्ने गाइँगुइँ चलेको मेरो कानमा पर्‍यो। यत्तिकैमा रामनारायणजी मेरो छेउ आइपुग्नुभयो। मलाई लाग्यो– उहाँले मेरो अडानबारे गुनासो गर्नुहुनेछ। तर उहाँले भन्नुभयो– हिमालयजी, तपाईंको अडानप्रति मेरो पूर्ण समर्थन छ। भोलिपल्ट बिहान वार्ता पुनः चल्दा भारतीय प्रतिनिधिमण्डलले हाम्रोतर्फका सबैजसो माग मान्दै सन्धिमा हस्ताक्षर गर्‍यो। सन् १९६० मा हस्ताक्षर गरिएको यो सन्धि नेपालको हितमा कोसेढुंगा साबित भयो।'

भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूलगायत अग्ला नेताहरूसँग रामनारायण मिश्रको व्यक्तिगत सम्बन्ध थियो। तर पनि उहाँले नेपाल सरकारको मन्त्रीको हैसियतले आफ्नो पक्षमा अडान राखे र सन्देश दिनुभयो– समय सन्दर्भमा छिमेकी भारतका नेताहरूसँगको व्यक्तिगत सम्बन्ध र राष्ट्रिय हित दुई फरक कुरा हुन्। बीपी कोइरालाले आफ्नो 'आत्मवृत्तान्त' र 'जेल जर्नल' मा पटक-पटक रामनारायण मिश्रका बारेमा आदरका साथ उल्लेख गर्नुभएको छ। रामनारायण मिश्र मन्त्री भएका बेला उहाँको कार्यकक्षमा बीपी कोइराला अकस्मात् पुगिदिनु हुन्थ्यो। बीपी कोइरालाकै शब्दमा 'रामनारायण मिश्र कुनै फाइल हेरेर बसिरहेका हुन्थे। म फ्याट्ट पुगिदिन्थेँ। अनि म सोधिदिन्थेँ, 'कुन फाइल हेरिरहेका छौ ?' त्यसले गर्दा एउटा घनिष्ठता कायम थियो।' आज कतिपय पूर्वाग्रहीहरूले मधेसीहरूको राष्ट्रियतामा शंका जनाउँछन्-ति मुढाग्रहीहरूका लागि यो हेक्का राख्नु पर्ने बिषय पनि हो।

एउटा रमाईलो प्रसङग छ। मन्त्री रामनारायण मिश्रकोमा गणेशमान सिंहजीले काठमाण्डौका एक पढेलेखेका नेवार युवालाई पठाउनु भएको थियो र कहिकतै जागीरमा लगाई दिन अनुरोध गर्नु भएको थियो। रामनारायण मिश्रजीले त्यस युवाको योग्यताको आभाष पाउनु भयो र गणेशमान सिंहजीका प्रति सम्मान स्वरूप त्यो नेवार युवालाई आफ्नो 'पिए' मा नियुक्ति दिनु भयो। त्यस बेलाका त्यो युवा पछि त्रिविको प्रोफेसर भई राजा बीरेन्द्रको शासनकालमा कैयौं पटक अञ्चलाधिश तथा राजदूत समेत हुनु भयो। उहाँ हुनुहुन्थ्यो प्रो.सुरेन्द्रबहादुर श्रेष्ठ।

यसरी रामनारायण मिश्रले प्रो.सुरेन्द्र बहादुर श्रेष्ठको पहिचान गर्नु भएको थियो। प्रो.सुरेन्द्र बहादुर श्रेष्ठ सौभाग्यबश आज जीवित नै हुनुहुन्छ। तर, आज कुनै मधेसी वा कुनै पर्वते अन्तरजातीय मन्त्रीको निजी वा स्वकीय सचिव हुने सोच्न कठिन हुन्छ। (यस जानकारीका लागि पूर्व राजदूत तथा नेपालका बरिष्ठतम् कुटनीतिज्ञ डा. मदन भट्टराईका प्रति सादर आभार व्यक्त गर्दछु जो मलाई उहाँको बारेमा थप जानकारी दिनुभएको थियो। आज मधेस र पहाडका नेताहरूमा चरम सत्ता लिप्सा छ। यिनीहरू निमेष भरका लागि पनि सत्ता क्षुधालाई बिराम दिन चाहदैनन्। सत्ता ललकको भोक एक दिनका लागि पनि सहन हुन्न्। जबकी रामनारायण मिश्र सुन्दरीजल बन्दीगृहमा बर्षौंसम्म क्यान्सरको असह्य बेदनालाई झेल्नु भयो। त्यस कालखण्डमा सैयौं राजबन्दीहरूले सत्य-असत्य बहानामा राजासँग माफि मागे। आफुलाई कुनै अज्ञात गंभीर रोग लागेको आभाष पनि रामनारायण मिश्रले बीपी कोइराला, गणेशमान सिंहहरूलाई गराउनु भएन। उहाँलाई डर थियो कि यदि उहाँको गंभीर पिडा बारे बीपी कोइरालाहरूले जान्नु भयो भने प्राणरक्षाका लागि राजा समक्ष निवेदन गर्न कर गर्न सक्नु हुन्छ। उहाँले असाध्य रोगलाई लुकाउनु भयो।

भनिन्छ, राजा महेन्द्र शाहलाई सुन्दरीजलमा रहेका बन्दीहरूको रोगका बारेमा थाहा थियो रे। सोही जेलमा रहेका बीपी कोइरालालाई क्यान्सर रोग छ, यसर्थ सुबिधा सम्पनन् अस्पतालमा बीपी कोइरालाको उपचार गराईनु पर्दछ भने सिफारिश गर्ने राजाका डाक्टरहरूले रामनारायण मिश्रलाई क्यान्सर लागेको थाहा नपाएको पत्याउन कठिन हुन्छ। जब राज्यलाई लाग्यो कि अब रामनारायण मिश्र केही सातामै संसारबाट बिदा लिन्छन् अनि मात्र उहाँलाई रिहा गरियो। अनि रिहाईको लगत्तै उहाँको देहावसान भएको थियो।

यस्तो हुनुहुन्थ्यो मैले भेटन नपाएको रामनारायण मिश्रजी। उहाँ दुनियाँले न सुनेको "दावाग्नि लुकाएको हिमालय" भनिएको रामनारायण मिश्र। पुस ६ गते उहाँलाई सम्झिने दिने हो। उहाँको संझनालाई सदैव जीवन्त राख्न उहाँका बारेमा धेरै लेख्नु पर्ला, अन्यथा यो अद्भूत, अद्वीतीय व्यक्तित्व, निष्ठाका सगरमाथा, दावाग्नि लुकाएका हिमालय आजका सत्ता लम्पट मधेसी नेताहरू र आजका नेकाका नेताहरूकै रोहमा कसैले रामनारायण मिश्रजीको माटोको शालिक राखि देला जो वर्षामा पाखालिनेछ।

## प्रधानमन्त्री ओलीले...

यदि मधेश प्रदेशमा लालबाबु राउतलाई पुनः दोहोर्‍याएको भए उपेन्द्र यादव बारा-२ बाट कुनै पनि हालतमा चुनाव जित्नु हुन्थेन। दोस्रो कार्यकालमा पनि लालबाबु राउत मुख्यमन्त्री बन्नका लागि निकै कोसिस गर्नुभएको थियो। तर उपेन्द्र यादवले चुनाव सकिने बित्तिकै बारा-२ बाट चुनाव लड्ने भनेर सरोज यादवलाई मुख्यमन्त्री बनाउने तयारीमा लागि सक्नुभएको थियो। जुन कुराको जानकारी पार्टीभित्र धेरैलाई थिएन।

## बीआरआइ सम्झौता...

बीआरआइमा समभदारी भएदेखि नै चीन अनुदान दिने पक्षमा थिएन, जहिले पनि ऋणकै कुरा गरिरहेको थियो तर नेपालका राजनीति दलका नेता तथा प्रधानमन्त्रीहरुले नेपाली जनतालाई भ्रममा राखेर नेपालको अहितमा सम्झौता गरेको महासचिव झाले दावी गर्नुभयो। जसरी पनि चीनले नेपाललाई ऋणको चगुँलमा फँसाइ छाड्यो, यसको नतिजा भोली कस्तो आउने हो त्यो हेर्न नै बाँकी रहेको उहाँको बुझाई छ। श्रीलंका र माल्दिभ्स जस्ता देशहरू यस्ता परियोजनाका कारण ठूलो आर्थिक संकट झेलिसकेको उहाँले बताउनुभयो।

## जसपा नेपालको...

कतिपयले उम्मेदवारी दिए पनि पार्टीले हालसम्म त्यसको बारेमा केही बोलेको छैन। उम्मेदवारी रद्द भयो कि कायमै छ वा चयन हुन सकेन कि के भयो, त्यसको बारेमा पनि पार्टीले उहाँहरुलाई केही जानकारी गराएको छैन। यी सबै पार्टीको विधान तथा निर्वाचनका लागि तयार पारेको निर्देशिका बिपरित भएको आयोगले जनाएको छ। यी सबै विषयमा छानविन भइरहेको कारण अध्यावधिक दिनमा ढिलाइ भएको बताइएकोछ।

निर्वाचन आयोगले पूर्वाग्रही ढंगबाट जसपा नेपाललाई दुख दिइरहेको पार्टीका सचिव शैलेन्द्र साहले गुनासो गर्नुभयो। आयोगले ढिलाई गर्नुमा त्यसको नियत ठिक नलागेको बताउँदै उहाँले महाधिवेशनमा केही समस्या छ, केही प्रमाण पुगेको छैन, केही कागजात चाहिएको छ भने भन्नुपर्‍यो आफूहरुले दिन तयार रहेको तर यसरी नियतवश दुख दिन नहुने बताउनुभयो। पार्टीले कारवाहीका लागि सिफारिस गरेका जनप्रतिनिधि तथा नेतालाई आयोगले कारवाही नगरेको पनि उहाँले बताउनुभयो। जसपा नेपालबाट अशोक राइ अलग भएर जनता समाजवादी पार्टी गठन गरेपछि कतिपय नेता बिना सनाखत पनि सो पार्टीमा आवद्ध भएको भन्दै उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले कारवाहीका लागि आयोगलाई सिफारिस गरेको छ तर हालसम्म त्यसलाई कुनै कारवाही गरेको छैन। जसपा नेपाल विभाजन भएपछि सर्वोच्च अदालतले विभाजन सम्बन्धी सबै प्रकृया यथास्थितिमा राख्न निर्देशन दिए पनि जसपाले पार्टीको गतिविधि गर्दै आइरहेका छन्। यहाँसम्म कि स्थानीय तहको उपनिर्वाचनमा समेत भाग लियो। तर न यसको बारेमा आयोगले केही बोलेको छ न अदालतले। जब कि सर्वोच्च अदालतले पार्टी विभाजनको सम्पूर्ण प्रकृया यथावत राख्न निर्देशन दिएको थियो। तर दुवै पार्टीले आआफ्नो काम गर्दै आएका छन्।

## नेपाल-भारतबिचको...

**सीमामा सुरक्षाकर्मीको ज्यादती**

नेपाल भारतको सीमामा खटिएका सुरक्षाकर्मीको व्यवहारका कारण दूबै देशका जनतालाई बढी समस्या हुने गरेको छ। बोर्डरदेखि नै सुरक्षाकर्मीले टर्चर गर्ने गरेको स्थानीयवासीहरु बताउँछन्। पहिला भारतीयहरु गाडी लिएर जनकपुरधाम वा जलेश्वर आउँदा चेकजाँचको नाममा नेपाली प्रहरीले समस्या गर्थ्यो अहिले पनि त्यस्तै भइरहेको छ। केही वर्ष यतादेखि भारतीय एसएसबीले पनि नेपालीलाई त्यस्तै दुरव्यवहार गर्न थालेका। जोडले कराएर बोल्ने, होच्याउने प्रवृति नै एसएसवीको देखिएको छ। एसएसवीको यो व्यवहारका कारण कतिले सीमा क्षेत्रमा आउजाउ गर्न छाडि सकेका छन्।

धनुषाको जटही सीमामा सबै भन्दा बढी एसएसवीले समस्या गर्ने गरेको देखिएको छ। विहेको बेला चेकजाँचको नाममा जन्तीहरुलाई गाडीबाट तलसम्म ओराल्ने गरेको प्रवृति देखिन्छ। बेहुला सम्मलाई मानसिक टर्चर गर्ने गरेको पीडितहरु वताउँछन्। सीमामा खटिएका सुरक्षाकर्मीका कारण दूबै देशको पर्यटन क्षेत्र प्रभावित हुँदा पनि तिनीहरु आफ्नो बानी सुधार्न तर्फ उत्सुक नदेखिएको नेपाल उद्योग वाणिज्य मधेश प्रदेशका पूर्व अध्यक्ष शिवशंकर साह 'हिरा' को बुझाई रहेको छ। नेपालको सीमा बिहारसँग करिब ६०१ किलोमीटर जोडिएको छ भने उत्तर प्रदेशको क़रीब ६५१ किलोमीटर रहेको छ। नेपालको सीमा भारतको उत्तराखण्ड, सिक्किम र पश्चिम बङ्गाल राज्यसँग पनि रहेको छ।

नेपाल र भारत बिच केही समस्या छ भने त्यसका लागि बृहत् सम्वाद हुनुपर्छ। दक्षिण एशियामा एक अर्ब ८० करोड जनसंख्या छ। यहाँको करिब ३४ खर्ब डलर अर्थतन्त्र छ। छिमेकको आवश्यकताका आधारमा सहयोग गर्ने भारतको चाहना देखिँदै आएको छ। भारतको अपेक्षा उसको सुरक्षा चासो सम्बोधन होस् भन्ने हो। यसमा नेपालले भारतलाई थप आश्वस्त बनाउनुपर्छ। पूर्वी भारत अहिले विकासको द्रुत गतिमा छ। त्यसबाट नेपालले फाइदा कसरी लिने, यसमा ध्यान दिनुपर्ने आवश्यकता छ। नेपालले एशियन राजमार्गबाट बहुपक्षीय प्लेटफर्म पाउँदैछ। तेस्रो मुलुकको सामुद्रिक बन्दरगाहमा नेपालको पहुँच स्थापित हुन्छ। थाइल्यान्ड, म्यानमार, भियतनाम, बंगलादेशको बन्दरगाह पाउँछ। यो पहुँच नेपालले शून्य लगानीमा पाउनेवाला छ।

कुनै समय नेपाली शीर्ष नेता बिपी कोइरालाले चिन्ता व्यक्त गरेका थिए कि यदि नेपाली र भारतीयले एक-अर्कालाई नबुझ्ने हो भने दुई देशको सम्बन्ध अघि बढ्न सक्दैन। अफ्रिका, युरोपदेखि विश्वका किनारालाई बुझ्ने भारतीय जनमतले छिमेकी नेपाललाई नबुझ्ने, नेपालको पनि यही हालत हुने हो भने हामी भविष्यमा कहाँ पुग्छौं ? भारतसँग सम्बन्धको गुरुत्व मापन गर्ने बेलामा नेपाली नेतृत्वले यो यथार्थलाई गम्भीरतासाथ लिनुपर्छ।

आजको भारत फरक छ। भारतीय राजनीति गतिशिल छ। नेपालले यसलाई आत्मसात गर्नुपर्छ। नेपालको कतिपय वृत्तले चाहिँ भारत शक्तिशाली हुँदै गएपछि दुई देश बिच ऐतिहासिक, पुरानो सम्बन्ध छ भनिरहेका छन्। यद्यपि, भारत शक्तिशाली हुँदै गर्दा दुई देशको सम्बन्धमा के फरक पर्छ ? यो भन्दा पनि नेपालले लाभ कसरी लिन सक्छ भन्नेमा चिन्तन मनन आवश्यक छ। युरोपियन युनियन बन्नुभन्दा पहिल्यै नेपाल र भारत बिच खुला सिमाना थियो। युरोपियन युनियनका मुलुक एक-अर्काबीच खुला हुँदा केही नहुने, नेपाल र भारतबीच लामो समयदेखि रहँदै आएको खुला सीमानालाई सम्पत्ति (एसेट)का रूपमा हामीले किन प्रयोग नगर्ने ? यसमा विहंगम बहस जरुरी छ।

*(खुल्ला सिमा संवाद समूहले आयोजना गरेको एक कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्रको आधारमा तयार पारिएको)*

# तरकारी खेतीमा रमाउनु भएका मधेशका दलित महिला

सिरहाको लहान नगरपालिका-२२ स्थित सिसवोनीका अनितादेवी सदायले एक दशकदेखि तरकारीखेती गरिरहनु भएको छ। पछिल्लो दुई वर्षदेखि स्थानीय महिला समूहमा आबद्ध भई सामूहिक तरकारी खेतीमा जोडिनु भएको छ। खेती गर्न आफ्नो पर्याप्त जमिन नहुनेले सामूहिक रूपमा बढी जग्गा भाडामा लिएर खेती गर्दा सस्तो पर्ने भएकाले आफू सामूहिक खेतीतर्फ आकर्षित भएको अनितादेवीले बताउनुभयो।

उहाँले भन्नुभयो, "लामो समयदेखि तरकारीखेती गर्दै आएकी छु। व्यक्तिगत रूपमा खेती गर्नुभन्दा सामूहिक रूपमा भाडामा जग्गा लिएर खेती गर्दा बढी आम्दानी गर्न सकिने देखियो। त्यसैले अघिल्लो वर्षदेखि हामीले सामूहिक खेती गरेर बराबरी नाफा बाँड्ने गरेको छौँ।" उहाँ मात्रै होइन यहाँका २७ जना दलित महिलाले करिब दुई बिघा जमिन भाडामा लिएर तरकारीखेती गरिरहनु भएको छ। 'सावोरी लघुउद्यमी महिला बचत समूह' गठन गरी तरकारीखेती गरिरहेका समूहकी सचिव गंगा सदायले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "सामूहिक रूपमा काम गर्दा साथीसँग काम र रमाइलो गर्दै आम्दानी पनि लिन सजिलो हुन्छ। त्यसैले समूहमा आबद्ध २७ जनाले यो काम गरिरहेका छौँ।"

अर्का कृषक नन्दीलाल सदायले सामूहिक खेतीबाट उत्पादित तरकारीले आफूहरूलाई आत्मनिर्भर बन्दै निकै सघाउ पुगेको बताउनुभयो। यही समूहमार्फत तरकारीका साथै सामूहिक माछापालन पनि गरिएको छ। अघिल्लो वर्षमात्रै माछा बिक्रीबाट रु डेढ लाख आम्दानी गरिएको र छ क्विन्टल आलु उत्पादन गरी ७५ हजार खुद नाफा भएको नन्दीलालले बताउनुभयो। आलु, गोलभेँडा, काउली, झिङ्नी, बोडीलगायत तरकारी उत्पादन गर्ने गरिएको उहाँले जानकारी दिनुभयो।

यहाँका गरिब तथा विपन्न दलित समुदायलाई तरकारी खेतीतर्फ आकर्षित गर्न लहानस्थित दलित जनकल्याण युवा क्लबले सहयोग गरी रहेको छ। किसानलाई खेतीसम्बन्धी तालिम, बीउबिजन, कृषिसामग्री, 'मल्चिङ' प्रविधि सहयोग गर्दै आएको क्लबका सामाजिक परिचालक सङ्गीता चौधरीले बताउनुभयो। उहाँले नगरपालिकासँग समन्वय गरी तरकारी खेतीको प्रभावकारिता, समस्या, तथा आइपर्ने चुनौती समाधानका उपाय पहिचान गर्न संस्थाले सहयोग गरिरहेको बताउनुभयो। वडा नं १२ का वडाध्यक्ष बद्री नारायण चौधरीले तरकारीखेतीले विपन्न दलित समुदायको जीवनस्तर नै बदलिएको र यसको दिगो व्यवस्थापनका लागि नगरपालिकाले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# गहुँखेती घट्दै, मकैखेती बढ्दै

सुनसरी भोक्राहा नरसिंह गाउँपालिका-६ का नगेन्द्रकुमार साह पहिले एक बिघा १० कट्ठामा गहुँखेती गर्नुहुन्थ्यो। उहाँले एक लाखदेखि एक लाख ५० हजार रुपियाँको लागतमा एक बिघा १० कट्ठामा गहुँखेती गर्दै आउनुभएको थियो। उहाँले गहुँखतीबाट वार्षिकरूपमा १० क्विन्टलदेखि १५ क्विन्टलसम्म उत्पादन गर्दै आउनु भएको थियो। उहाँलाई गहुँबाट लगभग वार्षिकरूपमा ७२ हजार रुपियाँ आम्दानी हुन्थ्यो। पछिल्लो समय साह गहुँखेती छोडेर मकैखेतीतिर लाग्नु भएको छ। उहाँले अहिले एक बिघा १० कट्ठा खेतमा मकैखेती गर्नुभएको छ। एक लाखदेखि एक लाख ५० हजार लगानीमा गरेको मकैखेतीबाट चार लाखसम्म आम्दानी गर्ने लक्ष्य उहाँले लिनु भएको छ। मकैखेतीबाट वार्षिकरूपमा एक सयदेखि एक सय २० क्विन्टलसम्म उत्पादन गरेर वार्षिकरूपमा चार लाख रुपियाँसम्म आम्दानी हुने गरेका कारणले पछिल्लो समय मकैखेतीतर्फ आकर्षित भएको साहले बताउनुभयो। गहुँखेतीमा कम उत्पादन भएसँग आम्दानी पनि कम हुने भएकाले पछिल्लो समय मकैखेतीतर्फ आकर्षित भएको साहको भनाइ छ। साह मात्र होइन, पछिल्लो समय सुनसरी सदरमुकाम इनरूवासहित भोक्राहा, हरिनगर, बर्जु, गढी र देवानगञ्ज गाउँपालिकाका कृषक मकैखेतीतर्फ बढी आकर्षित भएका छन्।

जिल्लामा पछिल्लो समय वार्षिकरूपमा गहुँखेती गर्ने कृषकको सँख्या क्रमिकरूपमा घट्दै गएको छ भने मकैखेती गर्ने कृषकको सङ्ख्या बढ्दै गएको कृषि ज्ञान केन्द्र इनरूवा सुनसरीका प्रमुख निलकमल सिंहले जानकारी दिनुभयो। आर्थिक वर्ष २०८०/०८१ मा सुनसरीमा १२ हजार २४८ हेक्टर क्षेत्रफलमा गहुँखेती भएकोमा आव २०८१/०८२ मा १२ हजार १२५ हेक्टर क्षेत्रफलमा किसानले गहुँखेती गरेको कार्यालय प्रमुख सिंहले जानकारी दिनुभयो।

त्यसैगरी आव २०८०/०८१ मा सुनसरीमा १० हजार ६४१ हेक्टर क्षेत्रफलमा मकैखती गरेका र यस आवमा लगाउने क्रम जारी रहेका कारणले यसमा वृद्धि हुने उहाँले जानकारी दिनुभयो। आव २०८०/०८१ मा ३.३७ मेट्रिक टन गहुँको उत्पादकत्व रहेकोमा सोही आर्थिक वर्षमा ७.८ मेट्रिकटन प्रतिहेक्टर मकैको उत्पादकत्व रहेको सिंहले जानकारी दिनुभयो। मकैखेतीमा उत्पादकत्व बढी हुनु, बजार भाउ बढी पाउनु र कुखुराको दाना बनाउनका लागि प्रयोग गर्नुलगायतका कारणले बढी मात्रामा जिल्लाका किसान मकैखेती गर्ने गरेको कृषि ज्ञान केन्द्रका प्रमुख सिंहले जानकारी दिनुभयो।

# बाँकेमा धान उत्पादनमा वृद्धि

बाँकेमा गत वर्षको तुलनामा यसवर्ष धानखेती गर्ने क्षेत्रफल घटे पनि उत्पादन भने बढेको छ। यस वर्ष ३४ हजार पाँच सय दुई हेक्टर जमिनमा बर्खे धानखेती गरिएकोमा एक लाख ५१ हजार आठ सय आठ दशमलव ८० मेट्रिकटन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी वरिष्ठ कृषि प्रसार अधिकृत अनिश श्रेष्ठले जानकारी दिएको राससमा उल्लेख छ।

उहाँका अनुसार बाँकेमा यस वर्ष प्रतिहेक्टर धानको उत्पादकत्व चार दशमलव चार मेट्रिकटन रहेको थियो। गत वर्ष बर्खे र चैते धान गरी ३४ हजैार छ सय ७५ हेक्टर जमिनमा धानखेती गरिएको थियो। जसबाट एकलाख ४५ हजार छ सय ५३ मेट्रिकटन धान उत्पादन भएको थियो। गतवर्षको चैते र बर्खे धानभन्दा यस वर्ष चैतेबाहेक बर्खेधानको उत्पादनै एक लाख ५१ हजार आठ सय आठ दशमलव ८० मेट्रिकटन भएको छ।

गत आवभन्दा यसवर्ष चार दशमलव २४ प्रतिशतका दरले धान उत्पादनमा वृद्धि भएको कार्यालयले जनाएको छ। कार्यालयका अनुसार सिञ्चित क्षेत्र विस्तार, हाइब्रिड जातको खेतीमा वृद्धि, बीउ प्रतिस्थापन दर वृद्धि र उपयुक्त मौसमका कारण धान उत्पादनमा वृद्धि भएको श्रेष्ठले जानकारी दिनुभयो। गत वर्ष ३४ हजार छ सय ७५ हेक्टरमा धानखेती भएकोमा यस वर्ष ३४ हजार पाँच सय दुई हेक्टर जमिनमा धान रोपाइँ भएको थियो। बाँकेमा ३५ देखि ४० हेक्टर जमिनमा चैते धान खेती हुने गरेको छ। यस वर्ष बेलैमा पानी परेकाले धान उत्पादन बढेको सूचना अधिकारी श्रेष्ठको भनाइ छ।

कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी श्रेष्ठले भन्नुभयो, "यस वर्ष समयमा पानी परेपछि धान उत्पादनमा वृद्धि भएको छ, यसैगरी सिक्टा सिँचाइ आयोजनाबाट किसानले लाभ पाएका छन्।" बाँकेमा सिक्टा सिँचाइलगायत विभिन्न योजनाबाट गरी २५ हजार एक सय १५ दशमलव ३० हेक्टर जमिनमा मात्रै सिँचाइ हुने गरेको छ। करिब १० हजार हेक्टर जमिनमा आकाशे पानीको भरमा किसानले धानखेती गरिरहेका छन्।

दिवा तथा रात्री सेवा
आरामदायी यात्राका लागि सम्झनु होस्



एञ्जल A/C हाएस
बर्दिवास, गोलबजार, सिरहा-माडर, काठमाडौँसम्म
सम्पर्क
काठमाडौं
प्रकाश-९८४१३१४३१९, ९८०८५१९०१५
भोले श्याम-९८४१००२४६७, ९८१३९९२५२५
सिरहा
साने-९८५२८३१०७९, ९८०७७१७८९७
नागे-९८४२८२४३३९
विरेन्द्र-९८१६७०२०००

कृषकवर्गहरूलाई अनुरोध !

कृषि सामग्री कम्पनी लि. ले आयात गरेको उच्च गुणस्तरको युरिया, डी.ए.पी. एवम् पोटास मल कम्पनीका जिल्लास्थित कार्यालयहरूबाट बिक्रीवितरण भइरहेको हुँदा उक्त मल प्रयोग गरी राष्ट्रिय उत्पादनमा गुणात्मक वृद्धि गरौं।
साथै, उक्त मल खरिद गर्दा तौल यकिन गरी मात्र खरिद गर्नुहुन समेत अनुरोध गर्दछौं।

कृषि सामग्री कम्पनी लिमिटेड
AGRICULTURE INPUTS COMPANY LTD.
(An Undertaking of Government of Nepal)

वैदेशिक रोजगार बोर्डको सेवाहरू

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्रदान हुने सेवाहरू श्रम स्वीकृति लिई वेदेशिक रोजगारीमा गएका, करार अवधिभित्र वा तोकिएको अवधिभित्र सम्मका लागि कामदार एवं कामदारको परिवारलाई बोर्डबाट देहाय वमोजिमका सेवा प्रदान गरिने जानकारी गराईन्छ।**

१. कामदार विदेश वा नेपालमा समेत विरामी वा अंगभंग भएमा उपचारका लागि ७ लाख रूपैयाँसम्म आर्थिक सहायता।
२. कामदारको घरपरिवारका सदस्यलाई गम्भीर रोग लागेमा एकपटकका लागि ५० हजार रूपैयाँसम्मऔषधी उपचार सहयोग।
३. विदेशमा उद्दार तथा खोजतलासको समन्वय तथा स्वदेश फिर्ता ल्याउने एवं फौजदारी अभियोग लागिकानूनी सहायता आवश्यक परेमा कानुनी प्रतिरक्षा सहायता।
४. महिला कामदारले पूर्व-प्रस्थान अभिमुखीकरण तालिमबापत तिर्नुपर्न शुल्क सोधभर्ना।
५. विदेशमा कामदारको मृत्यु भएमा शव नेपाल झिकाउने एवं त्रिभुवन विमानस्थलवाट इच्छाइएको सडक पुगेको स्थलसम्म नि:शुल्क शव छुवानी सेवा।
६. मृतक कामदारको नजिकको हकवालालाई करार अवधिभित्र वा सो को एक वर्षभित्र मृत्यु भए रु. ७ लाख र सो अवधिपछि मृत्यु भएको भए २५ हजार रूपैयाँ आर्थिक सहायता प्रदान। पूर्ण आर्थिक सहायता प्रास गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता।
७. विदेशबाट फर्किएका रिटर्नी कामदारहरूलाई उद्यमशील बनाउनेलगायत अन्य प्रवर्द्धनात्मक विभिन्न कार्यक्रमहरू।
८. विदेशमा रहँदा स्वास्थ्य सम्बन्धी कुनै पनि समस्या भए टेलिमेडिसिन सेवाको ईमो, भाईवर, हाटसएप नम्बरमा नेपालको कार्यालय समयमा सम्पर्क गरी विशेषज्ञ डाक्टरद्वारा परामर्श तथा ओषधी प्रेषण गर्ने व्यवस्था छ।

**उपरोक्त सेवा लिनका लागि सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र, आप्रवाशी स्रोत केन्द्र वा वैदेशिक रोजगार वोर्डको सचिवालयमा भौतिक रूपमा वा विभिन्न माध्यमवाट सम्पर्क गर्न सकिनेछ।**

**सम्पर्क विवरण:**
http://shramadhan.moless.gov.np;
facebook.com/shramadhan2 youtube.com/@shramadhan;
instagram.com/shramadhan2; x.com/shramadhan2
**इमेल:** info@feb.gov.np; welfare@feb.gov.np; shramadhan@feb.gov.np
**श्रमाधान कल सेन्टरको पैसा नलागने नम्बर:** ११४१; सशुल्क नम्बर: ०१-५९७०००८
**फोन/इमो/भाईबर/हाट्सएप/बोटिम:** +९७७-९८५१३४७२२२
**टेलिमेडिसिन सेवाको नम्बर:** ९८५१३४५७०१ वा ९८५१३४५७०२

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय

## समाचार/विविध

### उपनिर्वाचनको सन्देश...

मत ल्याएर जितेको छ।

**अधिकाँश ठाउँ घट्यो मत**

जसपा नेपालले दुई वटा सीट जिते पनि अधिकाँश ठाउँमा मत घटाएको छ। धनुषाको धनुषाधामा-१ मा जसपा नेपालले आफ्नो मत बढाएको छ। गत चुनावमा ३२४ मत ल्याएर चौथो बनेको थियो भने यो उपनिर्वाचनमा ४९९ मत ल्याएर तेस्रो बनेको छ। महोत्तरीको रामगोपाल-२ मा जसपा नेपालको बुरा हाल भएको छ। उपनिर्वाचनमा सो पार्टीले त्यहाँ ३८ मत मात्र ल्याउन सक्यो भने गत चुनावमा सोही वडामा जसपा नेपालले ३४२ मत ल्याएर तेस्रो बनेको छ।

रौटहटको गढीमाइ नगरपालिका वडा नम्बर ८ मा ७६४ मत ल्याएर जितेको थियो तर यसपटकको चुनावमा त्यहाँ २५८ मत ल्याएर चौथो स्थानमा पुगेको छ। गत चुनावमा जसपा नेपालले कपिलवस्तुको शुद्धोधन-१ मा ३८२ मत ल्याएर चौथो बनेको थियो। तर यो उपनिर्वाचनमा जसपा नेपालले मत घटाएको छ। यो उपनिर्वाचनमा ३४१ मत ल्याएको छ। गत चुनावमा भाग नलिएको जसपास नेपालले मोरङको ग्रामथान गाउँपालिकामा ४७ मत ल्याउर दशौं स्थानमा पुगेको छ काठमाडौंको किर्तिपुर नगरपालिकामा २७ मत ल्याएर सोह्रौं स्थानमा पुगेको छ।

रौतहटको इशनाथ-७ मा ७ मत ल्याएर जसपा नेपालको स्थान आठौं नम्बरमा गएको छ भने काठमाडौ महानगरपालिकाको वडा नम्बर ७ मा पनि सात मत ल्याएर नवौं स्थानमा पुगेको छ। जसपा नेपाल मकवानपुरको हेटौडा-१२ मा १० मत ल्याएर आठौं, र ओखलढुगांको मोलुङ्ग-५ मा ३ मत ल्याएर छैठो स्थानमा पुगेको छ।

**बिगतको स्थानीय चुनावमा जसपा नेपाल**

२०७९ को स्थानीय चुनावमा जसपा नेपालले विभिन्न पद गरी ४५५ स्थानमा चुनाव जितेको थियो। त्यसमध्ये कोशीमा अध्यक्षमा दुई, उपाध्यक्षमा दुई, वडाध्यक्षमा २०, महिला सदस्यमा १९, दलित महिला सदस्यमा २४, वडा सदस्यमा ४५ जना जितेका थिए। मधेश प्रदेशमा जसपाले प्रमुखमा सात, अध्यक्षमा १७, उपप्रमुखमा नौ, उपाध्यक्षमा १६, वडाध्यक्षमा २१२, महिला सदस्यमा २१६, दलित महिला सदस्यमा २१३, वडा सदस्यमा ४३१ जनालाई जिताएको थियो। बागमती प्रदेशमा वडा अध्यक्षमा एक र सदस्यमा दुई जनालाई मात्र जिताउन सफल भएको थियो।

गण्डकी प्रदेशमा जसपाले वडा सदस्य तीन, महिला सदस्य तीन, दलित महिला सदस्य तीन, खुला सदस्यमा ६ जनालाई जिताएको थियो। त्यस्तै, लुम्बिनी प्रदेशबाट सो दलले प्रमुख एक, अध्यक्ष दुई, उपप्रमुख दुई, उपाध्यक्ष एक, वडाध्यक्ष ४२, महिला सदस्य ३९, दलित महिला सदस्य ३६ र खुला सदस्यमा ७२ जनालाई जिताएको थियो। सुदूरपश्चिम प्रदेशमा जसपाले वडाध्यक्ष दुई, महिला सदस्य तीन, दलित महिला सदस्य दुई, वडा सदस्य दुई जना जिताएको थियो।

**जनमतको विजोग**

मधेश प्रदेश सरकारको नेतृत्व गरेको जनमत पार्टी स्थानीय तहको उपनिर्वाचनमा मधेश प्रदेशमा प्रतिस्पर्धामा पनि आउन सकेन। जनमत पार्टीका प्रवक्ता डा.शरदसिंह यादवले उपनिर्वाचनको पार्टीले अपेक्षाकृत नतिजा ल्याउन नसकेको स्विकार गर्नुभयो। तल्लो तहसम्म संगठन विस्तार र स्थानीय नेतृत्वको विकास गर्न नसक्नु नै अपेक्षित नतिजा हासिल गर्न नसक्नुको प्रमुख कारण रहेको बताउदै उहाँले यो उपनिर्वाचनको नतिजालाई गम्भीर रुपमा समीक्षा गरी आफ्नो कमीकमजोरीलाई सुधार्ने बताउनुभयो। अपेक्षाकृत मत नआए पनि समग्रमा जनमत पार्टी र सो पार्टीका अध्यक्ष डा.सीके राउतको स्वीकार्यता बढेको दावी गर्नुभयो।

स्थानीय निर्वाचन प्रणाली कति विकृत छ यो हामी सबैलाई थाहा भएकै कुरा हो, उहाँले भन्नुभयो, यसमा पार्टीको नीति, सिद्धान्त, रोडम्याप साथै केन्द्रिय नेतृत्व समेतको सबै कुराहरु गौण हुन्छन्। स्थानीय निर्वाचनमा अर्थ, जातपात, धर्म, इष्टमित्र, करकुटुम्ब, डरधम्की आदिले प्राथमिकता पाउँछ।'

**उपनिर्वाचनमा जनमत**

धनुषाको धनुषाधाम नगरपालिका १ मा जनमत पार्टीका उम्मेदवार कुशेश्वर मण्डलले २५ मत ल्याएर सातौं स्थानमा पुग्नु भएको छ। त्यहाँ माओवादी केन्द्रका सुनिल कापर केवट ६८४ मा विजयी हुनुभएको छ। २०७९ को चुनावमा जनमत पार्टीले त्यहाँ १० औं स्थानमा सिमित थियो। काँग्रेसका विश्वनाथ यादव ६१८ मत ल्याएर जित्दा जनमतका रामजोती देवी यादव नौ मत ल्याउनु भएको थियो। तर यसपटक विगतभन्दा त्यहाँ मत बढाएको छ।

त्यस्तै, सप्तरीको डाक्नेश्वरी नगरपालिका १ मा जसपा नेपालका धिरेन्द्र साहले ६५२ मत ल्याएर विजय हुनुभयो भने त्यही जनमत पार्टीका शैलेन्द्र साह ७४ मतमा सिमित हुनुभयो। गत चुनावमा जनमत पार्टीले त्यहाँ पाँचौं स्थानमा सिमित थियो। काँग्रेसका प्रितम लाल चौधरी ५३५ मत ल्याएर जित्दा जनमत पार्टीका दीपन्द्र साहले ९६ मत मात्र ल्याउन सक्नुभएको थियो। यर्थात विगतको चुनावभन्दा यो उपचुनावमा जनमत पार्टीले मत घटाएको छ। डाकनेश्वरीकै वडा नम्बर ४ मा जसपा नेपालका उम्मेदवार देवेन्द्रप्रसाद यादव ३७२ मतले विजय हुनुभयो तर जनमतका उम्मेदवार उदयनारायण पंडितले २३१ मत ल्याएर तेस्रो स्थानमा सिमित हुनुभयो। २०७९ को चुनावमा जनतमत पार्टीले तेस्रो स्थान ल्याएको थियो। ३३३ मत ल्याएर काँग्रेसका हरिप्रसाद राय जित्नु भएको थियो भने जनमतका उदय पण्डित १९७ मत ल्याउनु भएको थियो। यो उपचुनावमा जनमतले त्यहाँ केही मत बढाएको छ।

रौतहटको ईशनाथ नगरपालिका ७ मा कांग्रेसका शेष अब्दुल खलिक ६२७ मतले विजय हुँदा जनमतका उम्मेदवार शेख जमिरुलले १३५ मत ल्याएर चौथो नम्बरमा सिमित हुनुभयो। विगतको चुनावमा जनमत पार्टीले त्यहाँ २०७९ को चुनावमा जनमत पार्टीले २० मत प्राप्त गरेर पाँचौं स्थानमा पुगेको थियो। एमालेका शेख खली उल्लाहले ६८३ मत ल्याएर जित्न भएको थियो भने जनमत पार्टी पाँचौं स्थानमा समित थियो। सो पार्टीका सेख मनिरले २० मत ल्याउनु भएको थियो।

त्यस्तै, राजपुर वडा नं. ६ का अध्यक्षमा काँग्रेसका समसे आलम ७४४ मत ल्याएर विजय हुनुभएको थियो। त्यही जनमत पार्टीका क्यामुदिन धुनियाले ४५ मत ल्याएर चौथो स्थानमा सिमित भए। गत चुनावमा जनमत पार्टीले सो वडामा एक मत पनि ल्याउन सकेन। जनमत पार्टीले शेख मोहम्मद उस्तादलाई उम्मेदवार बनाएको थियो। अर्थात जनमत पार्टीले सो वडामा आफ्नो मतमा वृद्धि गरेको छ।

रौतहटको गढीमाई नगरपालिकाको वडा नम्बर ८ मा नेकपा (एस) का बजरंगीप्रसाद यादव ६५५ मतले विजय हुनुभयो तर त्यही जनमतका उम्मेदवार सुरेन्द्र राउत कुर्मीले जम्म आठ मत ल्याएर छैठो स्थानमा सिमित हुनुभएको थियो। गत चुनावमा जनमत पार्टी पनि जम्मा ६ मत ल्याएर आठौं स्थानमा थियो। यसपटक जनमत पार्टीले दुई मत थपेको छ।

जनमत पार्टीबाट काठमाडौंको कीर्तिपुर नगरपालिकाको प्रमुखमा उम्मदवारी दिएका केशव श्रेष्ठले २९ मत मात्र ल्याएर १५ औं स्थामा पुगेका छन्। त्यस्तै सोही नगरपालिकाको वडा नम्बर १ को अध्यक्षमा जमत पार्टीका विकास प्रधानले सात मत ल्याएर नवौं स्थान हासिल गर्नुभएको छ। त्यस्तै, वडा नम्बर ४ को अध्यक्षमा जनमत पार्टीका कृष्ण महर्जनले दुई मत ल्याउनुभयो। यसअघिको चुनावमा जनमतले त्यहाँ आफ्नो उम्मेदवार उठाएको थिएन।

जनमत पार्टीले कपिलवस्तुको शुद्धोधन नगरपालिका वडा नम्बर १ को वडा अध्यक्ष पदमा सिताराम पटेलले तेस्रो स्थान ल्याएको छ। एमालेका ताहरि मुसलमानले एक १५० मत ल्याएर विजय हुँदा सिताराम पटेलले ४२३ मत ल्याउनु भएको छ। २०७९ को चुनावमा पनि जनमत पार्टी त्यहाँ तेस्रो स्थान ल्याएको थियो। जनमतका सीताराम पटेलले ५४७ मत ल्याउनु भएको थियो। अर्थात बिगतको चुनावभन्दा त्यहाँ जनमत पार्टीले आफ्नो मत घटाएको छ। त्यस्तै, जनमत पार्टीले कञ्चनपुरको भिमदत्त नगरपालिका वडा नम्बर ६ को वडा अध्यक्षमा यादव बहादुर चन्दलाई उम्मेदवार बनाएको थियो। चन्दले पाँच मत ल्याएर बाह्रौं स्थानमा सिमित हुनुभयो। गत चुनावमा जनमतले त्यहाँ उम्मेदवारी दिएको थिएन। उदयपुरको त्रियुगा नगरपालिका वडा नम्बर १२ को अध्यक्षमा प्रमोद मलाह सहनीलाई उम्मेदवार बनाएको थियो। उहाँले २० मत ल्याउनुभयो। ९२३ मत ल्याएर माओवादीका नविन कुमार वन्तावाले चुनाव जित्नुभयो। गत चुनावमा जनमत पार्टीले त्यहाँ उम्मेदवारी दिएको थिएन। मधेश मामिलाका जानकार विजयकान्त कर्णले बिगतमा नयाँ पार्टीहरुले जे जनमत ल्याएका थिए त्यसमा ती दलहरु टिक्न सकेनन् अर्थात त्यो लोकप्रियता यो उपनिर्वाचनमा नदेखाएको बताउनुभयो। योपटक स्वतन्त्र उम्मेदवारको पक्षमा पनि विगतमा जस्तो लहर देखिएन। स्वतन्त्र लड्ने रहर गर्नेहरूलाई पनि बरु पुरानो संरचनामै फर्कदा जनमत सुरक्षित गर्न सकिने सङ्केत यस उपनिर्वाचनले दिएको छ।

**ठूला दलको शक्ति**

विगतमा जितेका स्थानको हिसाबले कांग्रेसको अग्रता यस पटक पनि कायम रह्यो तर उसले पहिले प्रमुख-उपप्रमुखसहित जितेका स्थानमा भने आफ्नो पुरानो प्रतिष्ठा भने गुमाएको छ। २०७९ सालको स्थानीय तह उपनिर्वाचनमा हाल रिक्त बनेकामध्ये २७ स्थानमा कांग्रेसले जितेको थियो। कांग्रेसको तुलनामा करिब आधाजसो स्थानमा एमाले र माओवादी छन् भने जनता समाजवादी पार्टी, नेपाल मजदूर किसान पार्टी, नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय स्वतन्त्र पार्टी र एकजना स्वतन्त्र उम्मेदवारले कम्तीमा एक स्थान सुनिश्चित गरेका छन्।

कुल ४४ रिक्त पद पूर्ति गर्नका लागि भएको उपनिर्वाचनमा तीन पदमा भने मतदानअघि नै जनप्रतिनिधि निर्विरोध चयन भएका निर्वाचन आयोगले जनाएको छ। गाउँतिर रास्वपा चार-पाँच ठाउँमा मात्र प्रतिस्पर्धामा आउन सकेको देखियो। वडाध्यक्षकै रूपमा पनि काठमाडौं बाहिरका स्थानमा उनीहरूको मत राम्रो आएको छैन। अर्थात नयाँ भनिएका राष्ट्रिय स्वतन्त्र पार्टी, आम जनता पार्टी, जनमत पार्टी र नगरिक उन्मुक्ति पार्टीको हालत यो उपनिर्वाचन खराब देखिएको छ।


**आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं**

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने वित्तिकै बन्द गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**






**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार